# राष्ट्रिय स्वतन्त्र पार्टी
# NATIONAL INDEPENDENT PARTY

# विधान

२०७९

# राष्ट्रिय स्वतन्त्र पार्टी
# NATIONAL INDEPENDENT PARTY

# विधान

२०७९

विषय सूची

# प्रस्तावना :

भाग–१ (पृष्ठ १)

प्रारम्भिक

धारा १ : संक्षिप्त नाम र प्रारम्भ

धारा २ : परिभाषा

भाग–२ (पृष्ठ २)

पार्टीको नाम र कार्यालय सम्बन्धी व्यवस्था

धारा ३ : पार्टीको नाम र कार्यालय :

धारा ४ : पार्टी स्वशासित र संगठित संस्था हुने

भाग–३ (पृष्ठ ३)

पार्टीको छाप, चिन्ह, झण्डा र घोषणापत्र

धारा ५ : पार्टीको छाप

धारा ६ : पार्टीको चिन्ह :

धारा ७ : पार्टीको झण्डा

धारा ८ : पार्टीको घोषणापत्र :

भाग–४ (पृष्ठ ३)

पार्टीको दर्शन, उद्देश्य, कार्यक्रम र निर्देशक सिद्धान्त

धारा ९ : पार्टीको दर्शन र प्रतिबद्धता

धारा १० : पार्टीको उद्देश्य र कार्यक्रम

धारा ११ : पार्टीको निर्देशक सिद्धान्त

भाग–५ (पृष्ठ ४)

पार्टीको सदस्यता, नवीकरण र अभिलेख सम्बन्धी व्यवस्था

धारा १२ : पार्टीको सदस्य

धारा १३ : पार्टी सदस्यको योग्यता

धारा १४ : पार्टी सदस्यताको समाप्ति

धारा १५ : सदस्यता वितरण प्रक्रिया

धारा १६ : सदस्यताको अभिलेख

धारा १७ : सदस्यता शुल्क र नवीकरण

धारा १८ : पार्टी सदस्यको अधिकार र कर्तव्य

धारा १९ : सदस्यता पुनः प्राप्ति

भाग–६ (पृष्ठ ७)
पार्टीको संगठनात्मक संरचना
धारा २० : केन्द्रीय तह
धारा २१ : प्रदेश तह
धारा २२ : स्थानीय तह

भाग–७ (पृष्ठ ८)
केन्द्रीय समिति र केन्द्रीय कार्य सम्पादन समिति
धारा २३ : केन्द्रीय समितिको गठन
धारा २४ : केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार
धारा २५ : केन्द्रीय कार्य सम्पादन समिति
धारा २६ : केन्द्रीय कार्य सम्पादन समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार
१) पार्टी सभापतिको काम, कर्तव्य र अधिकार
२) पार्टी उपसभापतिको काम, कर्तव्य र अधिकार
३) पार्टी महामन्त्रीको काम, कर्तव्य र अधिकार
४) पार्टी सह–महामन्त्रीको काम, कर्तव्य र अधिकार
५) पार्टी कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
६) पार्टी सह–कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
७) पार्टी प्रवक्ताको काम, कर्तव्य र अधिकार
८) पार्टी सह–प्रवक्ताको काम, कर्तव्य र अधिकार

भाग–८ (पृष्ठ १५)
प्रदेश समिति र प्रदेश कार्य सम्पादन समिति
धारा २७ : प्रदेश समितिको गठन
धारा २८ : प्रदेश समितिको काम, कर्तव्य र अधिकार
धारा २९ : प्रदेश समितिका पदाधिकारी
धारा ३० : प्रदेश समितिको काम, कर्तव्य र अधिकार
१) प्रदेश सभापतिको काम, कर्तव्य र अधिकार
२) प्रदेश उपसभापतिको काम, कर्तव्य र अधिकार
३) प्रदेश महामन्त्रीको काम, कर्तव्य र अधिकार
४) प्रदेश कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
५) प्रदेश प्रवक्ताको काम, कर्तव्य र अधिकार

भाग–९ (पृष्ठ २०)
स्थानीय तहगत समिति
धारा ३१: जिल्ला समिति
धारा ३२: जिल्ला समितिका काम, कर्तव्य र अधिकार
धारा ३३ : पालिका समिति
धारा ३४ : पालिका समितिका अधिकार र कर्तव्य
धारा ३५ : वडा समिति
धारा ३६ : जिल्ला समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार
१) जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार
२) जिल्ला उपसभापतिको काम, कर्तव्य र अधिकार
३) जिल्ला सचिवको काम, कर्तव्य र अधिकार
धारा ३७ : पालिका समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार
१) पालिका सभापतिको काम, कर्तव्य र अधिकार
२) पालिका उपसभापतिको काम, कर्तव्य र अधिकार
३) पालिका सचिवको काम, कर्तव्य र अधिकार
४) पालिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

भाग–१० (पृष्ठ २८)
निर्वाचन, मनोनयन र सल्लाहकार परिषद र कार्यालय
धारा ३८ : केन्द्रीय निर्वाचन आयोग
धारा ३९ : केन्द्रीय निर्वाचन आयोगका काम, कर्तव्य र अधिकार
धारा ४० : समितिका सदस्य वा पदाधिकारको योग्यता
धारा ४१ : पद रिक्त हुने अवस्था
धारा ४२ : पदावधि
धारा ४३ : पदपूर्ति सम्बन्धी व्यवस्था
धारा ४४ : केन्द्रीय सल्लाहकार परिषद्
धारा ४५ : केन्द्रीय कार्यालय
१) कार्यालय सचिव
२) केन्द्रीय कार्यालयको अधिकार र कर्तव्य
धारा ४६ : प्रदेश, जिल्ला र पालिका कार्यालय

भाग–११ (पृष्ठ ३१)
महाधिवेशन, अधिवेशन र भेला
धारा ४७ : राष्ट्रिय महाअधिवेशन
धारा ४८ : राष्ट्रिय भेला
धारा ४९ : प्रदेश अधिवेशन
धारा ५० : प्रदेश भेला
धारा ५१ : जिल्ला भेला
धारा ५२ : पालिका अधिवेशन
धारा ५३ : पालिका भेला

भाग–१२ (पृष्ठ ३८ )
बैठक र निर्णय
धारा ५४ : बैठक बोलाउने तथा निर्णय गर्ने सम्बन्धी व्यवस्था

भाग–१३ (पृष्ठ ३९)
अनुशासनात्मक कारवाही
धारा ५५: केन्द्रीय अनुशासन तथा आचरण समिति
धारा ५६ : अनुशासनात्मक कारवाहीको प्रक्रिया

भाग–१४ (पृष्ठ ४१)
पुनरावेदन सम्बन्धी व्यवस्था
धारा ५७ : पुनरावेदन सम्बन्धी प्रक्रिया
धारा ५८ : पुनरावेदन समितिको गठन
धारा ५९ : पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार

भाग–१५ (पृष्ठ ४१)
सदस्यताको विवाद, निरुपण तथा खारेजी
धारा ६० : विवाद समाधान समिति
धारा ६१ : विवाद समाधान समितिको काम, कर्तव्य र अधिकार

भाग–१६ (पृष्ठ ४२)

पार्टीको कोष

धारा ६२ : पार्टी कोष

धारा ६३ : पार्टीको कोषको सञ्चालन तथा व्यवस्थापन

भाग–१७ (पृष्ठ ४३)

लेखा परीक्षण

धारा ६४ : लेखा परीक्षण

धारा ६५ : केन्द्रीय लेखा आयोग

धारा ६६ : केन्द्रीय लेखा आयोगका काम, कर्तव्य र अधिकार

भाग–१८ (पृष्ठ ४४)

पार्टी विघटन र सम्पत्ति तथा दायित्वको व्यवस्थापन

धारा ६८ : पार्टी विघटन हुने अवस्था

धारा ६९ : पार्टी विघटन भएमा पार्टीको सम्पत्ति सम्बन्धी दायित्व

भाग–१९ (पृष्ठ ४५)

प्रारम्भिक निर्वाचन (उम्मेद्वार छनोट) र निर्वाचित जनप्रतिनिधि

धारा ७० : उम्मेदवारको योग्यता :

धारा ७१ : प्रारम्भिक निर्वाचन

धारा ७२ : पार्टीको तर्फबाट प्रतिनिधि सभा संसदीय दलको नेता छनोट

धारा ७३ : पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता छनोट

धारा ७४ : पालिका सभा दल, प्रदेश सभा दल, प्रतिनिधि सभा दल, राष्ट्रिय सभा दल र संघीय संसदीय दलको व्यवस्था

धारा ७५: जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार

भाग–२० (पृष्ठ ४९)

विविध

धारा ७६ : पार्टीको केन्द्रीय स्तरका विभागहरु

धारा ७७ : पार्टी एकीकरण वा विभाजन

धारा ७८ : विधान संशोधन

धारा ७९ : गणपुरक संख्या
धारा ८० : विधानको व्याख्या
धारा ८१ : नियमावली बनाउने र जारी गर्ने
धारा ८२ : बाधा अड्काउ फुकाउ
धारा ८३ : पार्टी सभापति पद मुक्त हुने अवस्था
धारा ८४ : पार्टीका सदस्यहरुमा सार्वभौमिकता निहित
धारा ८५ : पार्टी सदस्यलाई एजेन्डा उठाउने अधिकार
धारा ८६ : पार्टीका तहगत समितिबीच सम्बन्ध
धारा ८७ : रुख रोपेको हुनुपर्ने
धारा ८८ : परिवारवादलाई निषेध
धारा ८९ : युवा सहभागिता
धारा ९० : समानुपातिक समावेशी
धारा ९१ : समानता र योग्यता
धारा ९२ : शपथ ग्रहण
धारा ९३ : परिवर्तनशील नेतृत्व प्रणाली
धारा ९४ : सम्पर्क व्यक्ति
धारा ९५ : संक्रमणकालीन व्यवस्था

अनुसूचीहरु (पृष्ठ ५४)

# राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९

## राष्ट्रिय स्वतन्त्र पार्टीको गठन, कार्य सम्पादन र आन्तरिक काम कारवाहीलाई व्यवस्थापन गर्न बनेको विधान

**प्रस्तावना :**

**नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै;**

**समृद्धि, विकास, आधुनिकता, शान्तिपूर्ण साँस्कृतिक सम्पन्नता, सुशासन, सामाजिक न्याय, समानता, सहभागिता, लोकतन्त्र, मानव अधिकार र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गर्दै आएका आन्दोलन, संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै;**

**नेपाल राष्ट्र निर्माण र नेपाली जनताको मुक्तिका लागि जीवन अर्पण गरेका वीरहरु र सहिदहरुप्रति सम्मान प्रकट गर्दै;**

**नेपाली जनतामा निहित राष्ट्र सार्वभौमिकतालाई आत्मसाथ गर्दै जनउत्तरदायी, जनसहभागिमूलक राज्य शासन व्यवस्था प्रवर्द्धन गर्दै;**

**नेपालको संविधानले परिकल्पना गरे अनुसार दीगो शान्ति, सुशासन, विकास र समृद्धिका आकांक्षा पूरा गरी नेपाली जनताले महसुस गर्ने गरी जीवनस्तरमा सुधार ल्याउने प्रतिबद्धतासाथ राष्ट्रिय स्वतन्त्र पार्टीको परिकल्पना तथा गठन गरी यो विधान जारी गरिएको छ।**

### भाग–१
### प्रारम्भिक

**धारा १ : संक्षिप्त नाम र प्रारम्भ**

१) यस विधानको पूरा नाम "राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९" रहेको छ।

२) यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

**धारा २ : परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) 'पार्टी' भन्नाले 'राष्ट्रिय स्वतन्त्र पार्टी' भन्ने बुझिनेछ।

(ख) 'विधान' भन्नाले 'राष्ट्रिय स्वतन्त्र पार्टी' को विधान बुझिनेछ ।

(ग) 'नियमावली' भन्नाले 'राष्ट्रिय स्वतन्त्र पार्टीको नियमावली २०७९' बुझिनेछ ।

(घ) 'सदस्य' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यलाई बुझाउनेछ ।

(ङ) 'सभापति' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत समितिका सभापतिहरूलाई बुझाउनेछ।

(च) 'समिति' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत समितिहरूलाई बुझाउनेछ।

(छ) 'कार्यालय' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत कार्यालयलाई बुझाउनेछ ।

(ज) 'पदाधिकारी' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको तहगत समितिका सभापति, उपसभापति, महामन्त्री, सह–महामन्त्री, कोषाध्यक्ष, सह–कोषाध्यक्ष, प्रवक्ता, सहप्रवक्ता, सचिव आदिलाई बुझाउनेछ ।

(झ) 'निकाय' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका विभिन्न तहगत समिति, विभाग, आयोग वा पार्टी सम्बद्ध संरचनाहरूलाई बुझाउनेछ ।

(ञ) 'संसदीय दल' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रादेशिक सभा र पालिका सभाको संसदीय दललाई बुझाउनेछ ।

(ट) 'स्थानीय समिति वा सभा' भन्नाले नेपाल सरकारले निर्दिष्ट गरेको स्थानीय तह मानिएको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकामा क्रियाशील पार्टीका समिति वा सभालाई बुझाउनेछ ।

## भाग–२

## पार्टीको नाम र कार्यालय सम्बन्धी व्यवस्था

**धारा ३ : पार्टीको नाम र कार्यालय :**

१) यस पार्टीको नाम "राष्ट्रिय स्वतन्त्र पार्टी" रहनेछ । यसलाई अंग्रेजीमा National Independent Party, नेपालीमा संक्षिप्तमा "रास्वपा" र अंग्रेजीमा संक्षिप्तमा NIP भनिनेछ ।

२) पार्टीले संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा कार्यालय स्थापना गर्नेछ ।

३) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४) पार्टीको प्रदेश तहको कार्यालय सम्बन्धित प्रदेशको राजधानीमा रहनेछ ।

५) पार्टीको जिल्ला कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ।

६) पार्टीको स्थानीय तहको कार्यालय सम्बन्धित स्थानीय तहमा रहनेछ।

धारा ४ : पार्टी स्वशासित र संगठित संस्था हुने

१) यस विधान बमोजिम दर्ता भएको पार्टी अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ।

२) पार्टीले ऐनको अधीनमा रही व्यक्ति सरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ।

३) पार्टीले आफ्नोनामबाट नालिश उजुर गर्न र पार्टी उपर पनि सोही नामबाट नालिश उजुर लाग्न सक्नेछ।

४) पार्टीले ऐनको अधीनमा रही व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न वा दायित्व निर्वाह गर्न सक्नेछ।

## भाग–३

## पार्टीको छाप, चिन्ह, झण्डा र घोषणापत्र

धारा ५ : पार्टीको छाप

पार्टीको आफ्नो काम कारवाहीका लागि अनुसूची–१ बमोजिमको एउटा छुट्टै छाप हुनेछ।

धारा ६ : पार्टीको चिन्ह :

पार्टीको आफ्नो छुट्टै चिन्ह हुनेछ। पार्टीको चिन्ह अनुसूची–२ मा व्यवस्था भए बमोजिम हुनेछ।

धारा ७ : पार्टीको झण्डा

पार्टीको झण्डा अनुसूची–३ बमोजिम हुनेछ।

धारा ८ : पार्टीको घोषणापत्र :

पार्टीको आफ्नो छुट्टै घोषणापत्र हुनेछ। यस्तो घोषणापत्रको दुई प्रति पार्टी दर्ताका लागि आयोगमा निवेदन साथ पेश गरिनेछ।

## भाग–४

## पार्टीको दर्शन, उद्देश्य, कार्यक्रम र निर्देशक सिद्धान्त

धारा ९ : पार्टीको दर्शन र प्रतिबद्धता

पार्टीको दर्शन र प्रतिबद्धता देहाय बमोजिम हुनेछ :

(क) विधिको शासन

(ख) सामाजिक न्याय सहितको समानता

(ग) योग्यता र कर्मशीलता

(घ) राष्ट्र निर्माणमा समर्पणता

(ङ) भ्रष्टाचारप्रति शुन्यसहनशीलता

(चं) प्रत्यक्ष सहभागितामुलक लोकतन्त्र

(छ).व्यक्तिगत स्वतन्त्रता र मानव अधिकार

धारा १० : पार्टीको उद्देश्य र कार्यक्रम

पार्टीको उद्देश्य र कार्यक्रम देहाय बमोजिम हुनेछ :

१) राजनीतिक सुदृढीकरण अभियानबाट राजनीतिलाई सुसज्जित, सुसंस्कृत र जवाफदेही बनाई सुशासन र अग्रगामी परिर्वतन गर्ने।

२) पार्टीको आन्तरिक लोकतन्त्रलाई सुदृढ र प्रत्यक्ष सहभागितामूलक बनाई राज्यमा लोकतान्त्रिक व्यवस्थालाई प्रवर्द्धन गर्ने।

३) जनताले महसुस गर्ने गरी दीगो विकास गरी नेपाललाई समृद्ध, विकसित र शान्तिपूर्ण राष्ट्र बनाउने।

४) नेपाललाई विश्व शान्ति क्षेत्रको रुपमा स्थापित गराउने।

५) गौरवमय नेपाली इतिहास, नेपाली सुसंस्कार राष्ट्रिय स्वाधीनता, राष्ट्रिय अखण्डता, राष्ट्रिय प्रतिष्ठा र नेपालको सर्वभौमिकताको रक्षा एवम् प्रवर्द्धन गर्ने।

६) व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार, नागरिकको आत्मसम्मान, नागरिक सुरक्षा, नागरिक समृद्धि र समानतालाई व्यवहारमा स्थापित गर्ने।

७) विकास र वातावरणबीच समुचित सन्तुलन मिलाई सम्पूर्ण वन्यजन्तु, वनस्पति, रुख, वन लगायत प्राकृतिक पर्यावरणीय सम्पदाको संरक्षण गर्दै स्वच्छ र सफा वातावरण बनाउने।

धारा ११ : पार्टीको निर्देशक सिद्धान्त

पार्टीको निर्देशक सिद्धान्त नेपालको संविधानको भाग–४ बमोजिम हुनेछ।

## भाग–५

## पार्टीको सदस्यता, नवीकरण र अभिलेख सम्बन्धी व्यवस्था

धारा १२ : पार्टीको सदस्य

१) नेपालको आवधिक निर्वाचनमा मतदाता नामवलीमा नाम भएको र नभएको आधारमा पार्टी सदस्य दुई प्रकारका हुनेछन्।

(क) प्रारम्भिक सदस्य : मतदाता नामवलीमा नाम नभएकाहरु ।

(ख) साधारण सदस्य : मतदाता नामवलीमा नाम भएकाहरु ।

२) केन्द्रीय समितिले मापदण्ड बनाई राष्ट्रको लागि उच्च योगदान पुऱ्याउनुभएका प्रतिष्ठित व्यक्तिलाई पार्टी सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्न तथा जिम्मेवारी तोक्न सक्नेछ । केन्द्रीय समितिले राष्ट्रको लागि उच्च योगदान पुऱ्याउनु भएका प्रतिष्ठित नेपालीलाई मरणोप्रान्त मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

धारा १३ : पार्टी सदस्यको योग्यता

भ्रष्टाचारप्रति असहिष्णु, संवैधानिक सर्वोच्चता, विधिको शासन, लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध भई पार्टीको सिद्धान्त, नीति, कार्यक्रम र विधानलाई स्वीकार गरी कार्यान्वयन गर्न तत्पर रही पार्टीले तोके बमोजिमको प्रक्रिया पूरा गरेका देहायको योग्यता भएका नेपाली नागरिक पार्टी सदस्य हुन सक्नेछन् ।

(क) १८ वर्ष उमेर पूरा भएको ।

(ख.) नैतिकवान, स्वच्छ चरित्र र असल चालचलन भएको ।

(ग) मानसिक सन्तुलन नगुमेको ।

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार प्रसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, अपहरण सम्बन्धी कसूर, हत्या सम्बन्धी कसूर वा नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसूरमा सजाय भुक्तान गरेको १ वर्षभन्दा बढी अवधि पूरा गरेको ।

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको ।

(च) प्रचलित कानुनले राजनीतिक दलको सदस्य हुन अयोग्य नठहरिएको ।

(छ) अन्य राजनीतिक पार्टीको सदस्य नभएको वा सदस्यता त्याग गरेको ।

धारा १४ : पार्टी सदस्यताको समाप्ति

देहायको अवस्थामा पार्टीको सदस्य भएका व्यक्तिको सदस्यता समाप्त हुनेछ :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) धारा १३ बमोजिम पार्टी सदस्यताको लागि आवश्यक योग्यता कायम नरहेमा ।

(ग) पार्टीले अनुशासन सम्बन्धी कारवाही गरी सदस्यबाट हटाएमा ।

(घ) स्वेच्छाले पार्टी सदस्यता त्याग गरेको लिखित सूचना दिएमा।

(ङ) अन्य पार्टीको सदस्यता प्राप्त गरेमा।

(च) सदस्यता नवीकरण नगरेमा।

धारा १५ : सदस्यता वितरण प्रक्रिया

नियमावलीमा तोकिए बमोजिम सदस्यता आवेदन फारम, तोकिएको शुल्क र आवश्यक कागजातसहित कार्यालयमा बुझाई (अनलाइन, हुलाक वा स्वयम् कार्यालयमा उपस्थित भई) सदस्यताको लागि योग्यता पुगेका नेपाली नागरिकले निवेदन दिनुपर्नेछ। उक्त निवेदन उपर जाँचबुझ गरी विधान र नियमावली बमोजिम योग्य ठहरिएमा पालिका समिति, प्रदेश समिति वा केन्द्रीय समितिले सदस्यता प्रदान गर्नेछ।

धारा १६ : सदस्यताको अभिलेख

पालिका समिति, प्रदेश समिति वा केन्द्रीय समितिले धारा १५ बमोजिम सदस्यता प्रदान गरेपछि केन्द्रीय निर्वाचन आयोगलाई अभिलेखिकरणका लागि जानकारी गराइनेछ। पार्टी सदस्यताको अभिलेख केन्द्रीय निर्वाचन आयोगले राख्नेछ । यसरी राखिएको अभिलेख आवश्यकता अनुसार सम्बन्धित तहका निकायहरुलाई उपलब्ध गराइनेछ।

धारा १७ : सदस्यता शुल्क र नवीकरण

सदस्यता तथा नवीकरण शुल्क नियमावलीमा तोकिए बमोजिम हुनेछ।

धारा १८ : पार्टी सदस्यको अधिकार र कर्तव्य

पार्टी सदस्यका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१) पार्टी समिति, निकाय, विभाग वा तोकिएको संयन्त्रमा संगठित भई कार्य गर्ने।

२) तोकिए बमोजिम बैठक, भेला, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र सम्बन्धित समिति, निकाय, विभाग वा तोकिएको संयन्त्रमा आफ्नो मत जाहेर गर्ने।

३) तोकिए बमोजिम पार्टी निर्णयप्रति आफ्नो सहमति, असहमतिको मत दिने।

४) पार्टीका साधारण सदस्यलाई पार्टीको प्रारम्भिक चुनावमा आफू सम्बन्धित निर्वाचन क्षेत्रमा मतदान गरी पार्टीको तर्फबाट स्थानीय निकाय प्रदेश संसद, संघीय संसदको चुनावको उम्मेदवार छान्न पाउने अधिकार हुनेछ।

५) राष्ट्र र पार्टीप्रति इमान्दर रही दलको विधान, नीति र कार्यक्रमप्रति प्रतिबद्ध रही भ्रष्टाचारमुक्त, सुसमृद्ध राष्ट्र निर्माणमा योगदान गर्ने ।

६) पार्टीका विचार, विधान वा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका मुद्दामा विचार वा एजेण्डा राख्ने।

७) पार्टी प्रदत्त आन्तरिक लोकतन्त्रको अधिकारलाई प्रयोग गर्दै पार्टीले गरेका कुनै पनि प्रकारको सजायको प्रतिवाद, सुनवाई र पुनरावेदनको अधिकारको उपयोग गर्ने ।

८) पार्टीको निर्णय, निर्देशन र कार्यक्रमको अध्ययन गरेर प्रचार, प्रसार, कार्यान्वयन तथा सम्बन्धित समिति, विभाग वा संयन्त्रमा सल्लाह, सुझाव दिने ।

९) पार्टी सदस्यताको नियमित रुपमा नवीकरण गर्ने र पार्टीको कार्यक्रमहरुमा सक्रिय भई जिज्ञासा, अवलोकन, सल्लाह, सुझाव र रचनात्मक आलोचना गर्ने ।

धारा १९ : सदस्यता पुनः प्राप्ति

पार्टीले गरेको अनुशासन कारवाहीमा परी पार्टीको सदस्यता समाप्त भएको व्यक्तिले केन्द्रीय समितिको निर्णय बमोजिम पुनः पार्टी सदस्यता प्राप्त गर्न सक्नेछ ।

## भाग–६

## पार्टीको संगठनात्मक संरचना

धारा २० : केन्द्रीय तह

केन्द्रीय तहमा देहायका संरचना हुनेछन् :

(क) राष्ट्रिय महाधिवेशन

(ख) राष्ट्रिय भेला

(ग) केन्द्रीय समिति

(घ) केन्द्रीय कार्यसम्पादन समिति

(ङ) केन्द्रीय निर्वाचन आयोग

(च) केन्द्रीय लेखा आयोग

(छ) केन्द्रीय अनुशासन तथा आचरण समिति

(ज) केन्द्रीय सल्लाहकार परिषद्

धारा २१ : प्रदेश तह

प्रदेश तहमा देहायका संरचना हुनेछन् :

(क) प्रदेश अधिवेशन

(ख) प्रदेश भेला

(ग) प्रदेश समिति

धारा २२ : स्थानीय तह

स्थानीय तहमा देहायका संरचना हुनेछन् :

(क) जिल्ला भेला

(ख) जिल्ला समिति

(ग) पालिका अधिवेशन

(घ) पालिका भेला

(ङ) पालिका समिति

(च) वडा समिति

## भाग–७

## केन्द्रीय समिति र केन्द्रीय कार्य सम्पादन समिति

धारा २३ : केन्द्रीय समितिको गठन

१) केन्द्रीय समिति पार्टीको महाधिवेशन र राष्ट्रिय भेलापछिको पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ । यो राष्ट्रिय महाधिवेशन र राष्ट्रिय भेलाप्रति उत्तरदायी हुनेछ ।

२) केन्द्रीय समिति १२१ सदस्यीय हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ :

(क) राष्ट्रिय महाधिवेशनमा महाधिवेशन प्रतिनिधिहरुद्वारा प्रत्येक प्रदेशबाट ७–७ जना गरी ४९ सदस्यहरु निर्वाचित हुनेछन् ।

(ख) राष्ट्रिय महाधिवेशनमा महाधिवेशन प्रतिनिधिहरुद्वारा उपधारा २ (क) बमोजिम बाहेक थप ५० जना सदस्यहरु निर्वाचित हुनेछन् ।

(ग) उपधारा २ (क) र (ख) बमोजिम निर्वाचित ९९ जनाहरु केन्द्रीय समितिका सदस्यहरुमध्येबाट पार्टीका सदस्यहरुद्वारा पार्टीको सभापतिको निर्वाचन गरिनेछ । यसरी हुने निर्वाचनमा विजयी उम्मेदवारले कुल सदर मतको ५०%+१ को संख्यामा मत ल्याउनुपर्नेछ, अन्यथा बढी मत ल्याउने दुई उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ । नवनिर्वाचित पार्टी सभापतिले पार्टी सदस्यहरुमध्येबाट थप २२ जना सदस्य

मनोनीत गरी १२१ सदस्यीय केन्द्रीय समिति गठन हुनेछ।

(घ) उपधारा २ (क) र (ख) बमोजिम निर्वाचित ९९ जना केन्द्रीय समितिका सदस्यहरुमा कम्तीमा एक तिहाई महिला हुनेछ।

(ङ) उपधारा २ (क) र (ख) बमोजिम निर्वाचित ९९ जना केन्द्रीय समितिका सदस्यहरुमा कम्तीमा ५० जना युवा हुनेछ।

(च) केन्द्रीय समितिको कुल १२१ सदस्यमा कम्तीमा एक तिहाई महिला हुनेछ र कम्तीमा ६१ जना युवा हुनेछ। केन्द्रीय समितिमा नेपालको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ।

(छ) उपधारा २ (क) र (ख) बमोजिम हुने निर्वाचनमा महाधिवेशन प्रतिनिधिहरु वा साधारण सदस्यहरु मात्रै उम्मेदवार हुन पाउनेछन्।

३) राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय समिति निर्वाचित गरेपछि पुरानो केन्द्रीय समिति स्वतः विघटन हुनेछ।

४) केन्द्रीय समितिको सदस्यताको खारेजीः

निर्वाचित केन्द्रीय समितिका सदस्यको विधान बमोजिम पार्टीको सदस्यता समाप्त हुन गएमा निजको केन्द्रीय समितिको सदस्यको पद पनि स्वतः खारेज हुनेछ र उक्त पद राष्ट्रिय भेलाबाट पूर्ति गरिनेछ। मनोनीत केन्द्रीय समितिको सदस्यको पद आवश्यकता बमोजिम सभापतिले खारेज गर्न सक्नेछन् र उक्त रिक्त पद पार्टी सदस्यमध्येबाट सभापतिको मनोनयनद्वारा पूर्ति गरिनेछ।

धारा २४ : केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार

केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) राष्ट्रिय महाधिवेन र राष्ट्रिय भेलाको निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

(ख) राष्ट्रिय महाधिवेन र राष्ट्रिय भेलाका बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने राष्ट्रिय महाधिवशेन र राष्ट्रिय भेलामा पेश गर्ने। यस बीचमा समग्र पार्टीको नेतृत्व गर्ने।

(ग) राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने। राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने। नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीले गर्ने भनी उल्लेख भएको कार्य गर्ने।

(घ) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पार्टीका सम्पूर्ण निकायलाई परिचालन गर्ने।

(ङ) विधानमा निर्धारण गरिए बमोजिम समिति, विभाग, आयोग, कार्यदल तथा अन्य आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने। पार्टीका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने।

(च) पार्टीका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझाव सहित अनुमोदन गर्ने।

(छ) आवश्यकता अनुसार केन्द्रीय समितिका सदस्यहरुको कार्य विभाजन गर्ने।

(ज) राष्ट्रको भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने। राष्ट्र र राष्ट्रियता, संवैधानिक सर्वोच्चता, जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने। पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने।

(झ) विधान बमोजिम राष्ट्रिय महाधिवेशन र राष्ट्रिय भेलाको आयोजना गर्ने।

(ञ) पार्टीको आवश्यकता अनुसार पाठ्य पुस्तक तथा प्रचार सामाग्री प्रकाशन गर्ने।

(ट) अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार गर्ने।

(ठ) विधान बमोजिम अनुशासन पालना गर्ने, गराउने र तदनुरुप सदस्यताको खारेजी, निलम्बन वा अन्य कारवाही गर्ने, गराउने र पार्टीको अनुशासन पालना नगर्ने समिति, विभाग, आयोग वा कुनै पनि संयन्त्रलाई विघटन गर्ने।

(ड) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचालनका लागि आवश्यक काम गर्ने।

(ढ) पार्टी कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ण) यस विधानमा केन्द्रीय समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । विधान कार्यान्वयन गर्न आवश्यक नियामावली बनाउने । पार्टीका अन्य संयन्त्र वा निकायको अधिकार भनि नतोकिएको र प्रचलित कानुनमा पार्टीले गर्ने भनिएको सबै काम गर्ने ।

धारा २५ : केन्द्रीय कार्यसम्पादन समिति

१) पार्टी सभापतिद्वारा निर्वाचित केन्द्रीय सदस्यहरुमध्येबाट १० जना नियुक्त गरी आफू सहितको ११ सदस्यीय केन्द्रीय कार्यसम्पादन समिति (सभापति १, उपसभापति २, महामन्त्री १, सह–महामन्त्री २, कोषाध्यक्ष १, सह–कोषाध्यक्ष २, प्रवक्ता १, सहप्रवक्ता १) गठन गरिनेछ ।

२) केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) केन्द्रीय समितिको बैठक नबसेको अवस्थामा आवश्यकता अनुसार राजनीतिक तथा संगठनात्मक विषयमा निर्णय गर्ने र समसामयिक विषयमा पार्टीको दृष्टिकोण सार्वजनिक गर्ने ।

(ख) केन्द्रीय समितिको एउटा र अर्को बैठकका बीचमा केन्द्रीय समितिले गर्नुपर्ने काम केन्द्रीय कार्य सम्पादन समितिले गर्नेछ ।

(ग) आफूले गरेको निर्णय तथा कार्य अनुमोदनका लागि केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने ।

(घ) केन्द्रीय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ङ) केन्द्रीय समितिबाट गरिनुपर्ने नीतिगत तथा संगठनात्मक कामको प्रस्ताव तयार गर्ने ।

(च) पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्र बीच समन्वय गर्ने र तिनको कामको समीक्षा गर्ने ।

(छ) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(ज) पार्टीको केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारी नियुक्त तथा हेरफेर गर्ने।

धारा २६ : केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार

१) पार्टी सभापतिको काम, कर्तव्य र अधिकार

(क) पार्टीको समग्र नेतृत्व गर्ने। पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पधादिकारीको हकमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने।

(ख) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय भेला, केन्द्रीय समिति, केन्द्रीय कार्यसम्पादन समिति र पार्टीको संसदीय दल र केन्द्रीय समितिको संयुक्त बैठकको सभापतित्व गर्ने र निर्णयहरुको कार्यान्वयनमा नेतृत्व गर्ने।

(ग) केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारीको कार्यविभाजन हेरफेर गर्ने र आवश्यक परेमा केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारी पनि हेरफेर गर्ने।

(घ) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने।

(ङ) पार्टीको तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने, गराउने।

(च) पार्टीका अगाडि तत्काल परिआएका कार्यहरु गर्ने र त्यसको जानकारी केन्द्रीय समितिलाई दिने।

(छ) पार्टीका समिति, विभाग, आयोग तथा संयन्त्रहरुद्वारा भएका निर्णय कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने।

(ज) पार्टीको केन्द्रीय स्तरका समिति, विभाग, आयोग तथा संयन्त्रका प्रमुख, पदाधिकारी र सदस्यको नियुक्ति मनोनयन तथा हेरफेर गर्ने तर विधानमा यस्ता नियुक्ति मनोनयन तथा हेरफेर पार्टीको अन्य निकाय वा समितिलाई भए सो निकाय वा समितिले नै त्यस्तो नियुक्ति मनोनयनको हेरफेर गर्नेछ।

(झ) सभापति आफू विदेश गएको अवस्थामा वा आवश्यकता अनुसार उपसभापतिलाई कार्यवाहक सभापति तोक्नेछ।

(ञ) पार्टीको केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्य सम्पादन समितिको बैठक बोलाउने। पार्टीको केन्द्रीय कार्यसमितिको एउटा बैठक र अर्को बैठक बीचको अन्तर ४५ दिनभन्दा बढी हुनु हुँदैन।

(ट) केन्द्रीय समितिले तोके बमोजिम अन्य अधिकार हुनेछ।

२) पार्टी उपसभापतिको काम, कर्तव्य र अधिकार

(क) सभापतिको कार्यमा आवश्यक सहयोग गर्ने ।

(ख) सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(ग) केन्द्रीय समिति र केन्द्रीय कार्य सम्पादन समितिले तोकेको कार्य गर्ने ।

(घ) दुई उपसभापतिमध्ये उमेरमा जेष्ठ उपसभापतिले वा सभापतिले तोकेको उपसभापतिको अनुपस्थितिमा सभापतिको कार्य गर्ने ।

३) पार्टी महामन्त्रीका काम, कर्तव्य र अधिकार

(क) राष्ट्रिय महाधिवेशन र राष्ट्रिय भेलाबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र केन्द्रीय समिति तथा केन्द्रीय कार्यसम्पादन समिति समक्ष प्रस्तुत गर्ने ।

(ख) पार्टी सभापतिको परामर्शमा केन्द्रीय कार्यसम्पादन, समिति र केन्द्रीय समितिको बैठक बोलाउने। अधिवेशन, निर्वाचन र बैठकको कार्यसूची तयार गर्ने ।

(ग) आवश्यकता अनुसार केन्द्रीय कार्यसम्पादन समिति र केन्द्रीय समितिमा संगठानत्मक प्रतिवेदन प्रस्तुत गर्ने ।

(घ) केन्द्रीय समितिको तर्फबाट आवश्यकता अनुसार राष्ट्रिय महाधिवेशनमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने ।

(ङ) केन्द्रीय समिति र केन्द्रीय कार्यसम्पादन समितिबाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरिवेक्षण गर्ने गराउने ।

(च) पार्टीको केन्द्रीय कार्यालय महामन्त्रीको मातहतमा रहनेछ। महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख गर्ने तथा केन्द्रीय कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।

(छ) केन्द्रीय समिति र केन्द्रीय कार्यसम्पादन समितिले तोकेको अन्य काम गर्ने ।

(ज) पार्टी सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने ।

(झ) दैनिक कार्य सञ्चालनका लागि सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार सभापतिलाई सुझाव र सल्लाह दिने ।

(ञ) पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र

आवश्यकता अनुसार पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रमा र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(ट) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

४) पार्टीको सह–महामन्त्रीको काम, कर्तव्य र अधिकार

(क) महामन्त्रीको काममा महामन्त्रीले तोके बमोजिम आवश्यक सहयोग गर्ने ।

(ख) महामन्त्रीले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(ग) केन्द्रीय समिति र केन्द्रीय कार्यसमितिले तोकेको कार्य गर्ने ।

५) पार्टीको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आय व्ययको अद्यावधिक अभिलेख राख्ने ।

(ख) केन्द्रीय समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र केन्द्रीय समितिको निर्णय अनुसार सञ्चालन गर्ने ।

(ग) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम संकलन गर्ने तथा अभिलेख राख्ने ।

(घ) पार्टीको कोषमा सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि केन्द्रीय समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(ङ) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय समिति र केन्द्रीय समिति मार्फत् राष्ट्रिय भेला र राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने ।

(च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६) पार्टी सह–कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) कोषाध्यक्षको काममा कोषाध्यक्षले तोके बमोजिम आवश्यक सहयोग गर्ने ।

(ख) कोषाध्यक्षले प्रत्यायोजन गरेका कार्य गर्ने ।

(ग) केन्द्रीय समिति र केन्द्रीय कार्य समितिले तोकेका कार्य गर्ने ।

७) पार्टी प्रवक्ताको काम, कर्तव्य र अधिकार

(क) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय भेला, केन्द्रीय समिति र केन्द्रीय कार्यसम्पादन समितिको निर्णयहरु आवश्यकता अनुसार आम जनमानसमा सूचना प्रवाहित गर्ने।

(ख) पार्टीको तर्फबाट आधिकारिक सूचना प्रवाहित गर्ने।

(ग) पार्टीको नीति, विचार र राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने।

(घ) विभिन्न समसामयिक विषयहरुमा पार्टीको दृष्टिकोणलाई आधिकारिक रुपमा आम जनमानसमा सूचना प्रवाहित गर्ने।

८) पार्टी सह–प्रवक्ताको काम, कर्तव्य र अधिकार

(क) प्रवक्ताको काममा सह–प्रवक्ताले तोके बमोजिम आवश्यक सहयोग गर्ने।

(ख) प्रवक्ताले प्रत्यायोजन गरेको कार्य गर्ने।

(ग) केन्द्रीय समिति र केन्द्रीय कार्यसमितिले तोकेको कार्य गर्ने।

## भाग–८

## प्रदेश समिति

### धारा २७ : प्रदेश समितिको गठन

१) प्रदेश समिति पार्टीको प्रदेश अधिवेशन र प्रदेश भेलापछि पार्टीको प्रदेशभित्रको सर्वोच्च कार्यकारी संस्था हुनेछ। यो प्रदेश अधिवेशन र प्रदेश भेलाप्रति उत्तरदायी हुनेछ।

२) प्रदेश समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) प्रदेश अधिवेशनमा अधिवेशन प्रतिनिधिहरुद्वारा प्रत्येक प्रत्यक्ष प्रदेश निर्वाचन क्षेत्रबाट १–१ जना सदस्यहरु निर्वाचित हुनेछन्।

(ख) प्रदेश अधिवेशनमा अधिवेशन प्रतिनिधिहरुद्वारा उपधारा २ (क) बमोजिम बाहेक थप ११ जना सदस्यहरु निर्वाचित हुनेछन्।

(ग) उपधारा २ (क) र (ख) बमोजिम निर्वाचित प्रदेश समितिका सदस्यहरुमध्येबाट अधिवेशन प्रतिनिधिहरुद्वारा पार्टीको प्रदेश सभापति निर्वाचित हुनेछ। नवनिर्वाचित प्रदेश सभापतिद्वारा पार्टीका सम्बन्धित प्रदेशका सदस्यहरुमध्येबाट थप ३ जना सदस्य मनोनयन गरिनेछ।

(घ) उपधारा २ (ख) बमोजिम निर्वाचित प्रदेश समितिका सदस्यहरुमा कम्तीमा एकतिहाइ महिला हुनेछ।

(ङ) उपधारा २ (ख) बमोजिम निर्वाचित ११ जना प्रदेश समितिका सदस्यहरुमा कम्तिमा (५०%+१) जना युवा हुनेछ।

(च) उपधारा २ (ग) बमोजिम मनोनीत ३ जना प्रदेश समितिका सदस्यहरुमा कम्तीमा १ जना महिला र २ जना युवा हुनेछ। प्रदेश समितिमा प्रदेशको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ।

(छ) उपधारा २ (क) र (ख) बमोजिम हुने निर्वाचनमा सम्बन्धित प्रदेशका साधारण सदस्यहरु वा अधिवेशन प्रतिनिधिहरु मात्रै उम्मेदवार हुन पाउने छन्।

३) प्रदेश अधिवेशनबाट नयाँ प्रदेश समिति निर्वाचित गरेपछि पुरानो प्रदेश समिति स्वतः विघटन हुनेछ।

४) प्रदेश समितिको सदस्यताको खारेजी : निर्वाचित प्रदेश समितिको सदस्यको विधान बमोजिम पार्टीको सदस्यता समाप्त हुन गएमा निजको प्रदेश समितिको सदस्यको पद पनि स्वतः खारेज हुनेछ र उक्त पद प्रदेश भेलाबाट पूर्ति गरिनेछ। मनोनीत प्रदेश समितिको सदस्यको पद आवश्यकता बमोजिम प्रदेश सभापतिले खारेज गर्न सक्नेछन् र उक्त रिक्त पद सम्बन्धित प्रदेशका पार्टी सदस्यमध्येबाट प्रदेश सभापतिको मनोनयनद्वारा पूर्ति गरिनेछ।

धारा २८ : प्रदेश समितिको काम, कर्तव्य र अधिकार

प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रदेश अधिवेशन र प्रदेश भेलाको निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

(ख) प्रदेश अधिवेशन र प्रदेश भेलाका बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने प्रदेश अधिवेशन र प्रदेश भेलामा पेश गर्ने। यस बीचमा प्रदेशभित्र समग्र पार्टीको नेतृत्व गर्ने।

(ग) प्रदेशभित्रको समसामयिक परिस्थितिमा पार्टीको धारणा, नीति, कार्यक्रम तथा विचार तय गर्ने। राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने। नेपालको संविधान र

प्रचलित कानुन बमोजिम पार्टीको प्रदेश समितिले गर्ने भनी तोकिएका कार्य गर्ने ।

(घ) प्रदेश संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका प्रदेशभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न केन्द्रीय समितिलाई सहयोग गर्ने ।

(ङ) विधानमा निर्धारण गरिए बमोजिम प्रदेशभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने । पार्टीका प्रदेशभित्रका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

(च) पार्टीका प्रदेशभित्रका समिति विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने ।

(छ) आवश्यकता अनुसार प्रदेश समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

(ज) प्रदेशका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जनहितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्यक्रम सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(झ) विधान बमोजिम प्रदेश अधिवेशन र प्रदेश भेलाको आयोजना गर्ने ।

(ञ) प्रदेशभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचानका लागि आवश्यक काम गर्ने ।

(ट) पार्टीको प्रदेश कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ठ) यस विधानमा प्रदेश समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

(ड) केन्द्रीय समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने।

धारा २९ : प्रदेश समितिका पदाधिकारी

पार्टीको प्रदेश सभापतिले निर्वाचित प्रदेश सदस्यहरुमध्येबाट प्रदेश उपसभापति १ जना, महामन्त्री १ जना, कोषाध्यक्ष १ जना, प्रवक्ता १ जना नियुक्त गर्नेछन् ।

धारा ३० : प्रदेश समितिको काम, कर्तव्य र अधिकार

१) प्रदेश सभापतिको काम, कर्तव्य र अधिकार

(क) प्रदेशभित्र पार्टीको समग्र नेतृत्व गर्ने । प्रदेशभित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको हकमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(ख) प्रदेश अधिवेशन, प्रदेश भेला र प्रदेश समिति र पार्टीको प्रदेश सभा संसदीय दल र प्रदेश समितिको संयुक्त बैठकको सभापतित्व गर्ने र निर्णयहरुको कार्यान्वयनमा नेतृत्व गर्ने ।

(ग) प्रदेश समितिका पदाधिकारीको कार्य विभाजन, हेरफेर गर्ने र आवश्यक परेमा प्रदेश समितिका पदाधिकारी पनि हेरफेर गर्ने ।

(घ) प्रदेशभित्र पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने।

(ङ) प्रदेशभित्र पार्टीका अगाडि तत्काल परीआएका कार्यहरु गर्ने र त्यसको जानकारी प्रदेश समितिलाई दिने ।

(च) प्रदेशभित्र पार्टीका समिति, विभाग, आयोग तथा संयन्त्रहरुद्वारा भएका निर्णय कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने ।

(छ) प्रदेश सभापति आफू प्रदेश बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार प्रदेश उपसभापतिलाई कार्यवाहक प्रदेश सभापति तोक्नेछ ।

(ज) पार्टीको प्रदेश समितिको बैठक बोलाउने । पार्टीको प्रदेश समितिको एउटा बैठक र अर्को बैठक बीचको अन्तर ४५ दिनभन्दा बढी हुनु हुँदैन ।

(झ) प्रदेश समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

२) प्रदेश उपसभापतिको काम, कर्तव्य र अधिकार

(क) प्रदेश सभापतिको काममा आवश्यक सहयोग गर्ने।

(ख) प्रदेश सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने।

(ग) प्रदेश समितिले तोकेको कार्य गर्ने।

३) प्रदेश महामन्त्रीको काम, कर्तव्य र अधिकार

(क) प्रदेश अधिवेशन र प्रदेश भेलाबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र प्रदेश समितिमा प्रस्तुत गर्ने।

(ख) प्रदेश सभापतिको परामर्शमा प्रदेश समिति र प्रदेश समितिको बैठक बोलाउने अधिवेशन, निर्वाचन र बैठकको कार्यसूची तयार गर्ने।

(ग) आवश्यकता अनुसार प्रदेश समितिमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने।

(घ) प्रदेश समितिको तर्फबाट आवश्यकता अनुसार प्रदेश अधिवेशन र प्रदेश भेलामा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने।

(ङ) प्रदेश समितिबाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने।

(च) पार्टीको प्रदेश कार्यालय प्रदेश महामन्त्रीको मातहतमा रहनेछ। महामन्त्रीले प्रदेश कार्यालयको रेखदेख गर्ने तथा प्रदेश कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने।

(छ) प्रदेश समितिले तोकेको अन्य काम गर्ने।

(ज) प्रदेश सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने।

(झ) दैनिक कार्यसञ्चालनका लागि प्रदेश सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार प्रदेश सभापतिलाई सल्लाह सुझाव दिने।

(ञ) प्रदेशभित्र पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र आवश्यकता अनुसार पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रमा र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने।

(ट) प्रदेशभित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने।

(ठ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४) प्रदेश कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) प्रदेशभित्र पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।

(ख) प्रदेश समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र प्रदेश समितिको निर्णय अनुसार सञ्चालन गर्ने ।

(ग) प्रदेशभित्र पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।

(घ) पार्टीको कोषमा सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि प्रदेश समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(ङ) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन प्रदेश समिति र प्रदेश समितिमार्फत प्रदेश भेला र प्रदेश अधिवेशनमा पेश गर्ने ।

(च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५) प्रदेश प्रवक्ताको काम, कर्तव्य र अधिकार

(क) प्रदेश अधिवेशन, प्रदेश भेला र प्रदेश समितिका निर्णयहरु आवश्यकता अनुसार आम जनमानसमा सूचना प्रवाहित गर्ने ।

(ख) पार्टीको आधिकारिक सूचना प्रवाहित गर्ने ।

(ग) प्रदेशभित्र पार्टीको नीति, विचार र समसामयिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(घ) विभिन्न समसामयिक विषयहरुमा पार्टीको दृष्टिकोणलाई आधिकारिक रुपमा आम जनमानसमा सूचना प्रवाहित गर्ने ।

## भाग–९

## स्थानीय तहगत समिति

### धारा ३१: जिल्ला समिति

जिल्ला समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित कार्यकालमा वडा समिति र पालिका समितिको निर्वाचनमा उम्मेदवार नभएकाहरुबाट जिल्ला भेलामा सभापति १ जना,

उपसभापति १ जना र सचिव १ जनाको निर्वाचन पार्टीका सम्बन्धित जिल्लाका सदस्यहरुद्वारा गरिने छ।

(ख) निर्वाचित जिल्ला सभापति, उपसभापति र सचिवको कार्यकाल ५ वर्षको हुनेछ र कुनै पद रिक्त भएमा जिल्ला भेलाबाट पुनः निर्वाचित गरी पदपूर्ति गनिछ।

(ग) जिल्ला समितिमा सम्बन्धित जिल्ला भित्रका पालिका सभापतिहरु मताधिकार सहितको पदेन सदस्य हुनेछन्।

धारा ३२: जिल्ला समितिका काम, कर्तव्य र अधिकार

जिल्ला समितिको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) जिल्ला भेलाको निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

(ख) जिल्ला भेलाका बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने जिल्ला भेलामा पेश गर्ने। यस बीचमा जिल्लाभित्र समग्र पार्टीको नेतृत्व गर्ने।

(ग) जिल्लाभित्रको समसमायिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने। राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने। नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको जिल्ला समितिले गर्ने भनी तोकिएका कार्य गर्ने।

(घ) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका जिल्लाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न केन्द्रीय समिति र प्रदेश समितिलाई सहयोग गर्ने।

(ङ) विधानमा निर्धारण गरिए बमोजिम जिल्लाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने। पार्टीका जिल्लाभित्रका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक संमन्वय र संयोजन गर्ने।

(च) पार्टीका जिल्लाभित्रका समिति विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझाव सहित अनुमोदन गर्ने।

(छ) आवश्यकता अनुसार जिल्ला समितिका सदस्यहरुको कार्य विभाजन गर्ने।

(ज) जिल्लाका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने। जनजीविका र जनहितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने।

(झ) विधान बमोजिम जिल्ला भेलाको आयोजना गर्ने।

(ञ) जिल्लाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचानका लागि आवश्यक काम गर्ने।

(ट) पार्टीको जिल्ला कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने।

(ठ) यस विधानमा जिल्ला समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने।

(ड) केन्द्रीय समिति र प्रदेश समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने।

## धारा ३३ : पालिका समिति

पालिका समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) पार्टीका सम्बन्धीत पालिका सदस्यहरुद्वारा आफूहरुमध्येबाट पालिका अधिवेशनमा सभापति १ जना, उपसभापति १ जना, सचिव १ जना र कोषाध्यक्ष १ जना गरी ११ सदस्यीय पालिका समितिको निर्वाचन गरिने छ।

(ख) पालिका समितिको कार्यकाल ५ वर्षको हुनेछ र कुनै पद रिक्त भएमा पालिका भेलाबाट पुनः निर्वाचन गरी पदपूर्ति गनिछ।

## धारा ३४ : पालिका समितिका काम, कर्तव्य र अधिकार

पालिका समितिको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पालिका अधिवेशन र पालिका भेलाको निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

(ख) पालिका अधिवेशन र पालिका भेलाका बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने ) पालिका अधिवेशन र पालिका भेलामा पेश गर्ने। यस बीचमा पालिकाभित्र समग्र पार्टीको नेतृत्व गर्ने।

(ग) पालिका भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने। राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने। नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको पालिका समितिले गर्ने भने उल्लेख भएको कार्य गर्ने।

(घ) स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका पालिकाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न केन्द्रीय समिति र प्रदेश समितिलाई सहयोग गर्ने।

(ङ) विधानमा निर्धारण गरिए बमोजिम पालिकाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने। पार्टीका पालिकाभित्रका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक संमन्वय र संयोजन गर्ने।

(च) पार्टीका पालिकाभित्रका समिति विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझाव सहित अनुमोदन गर्ने।

(छ) आवश्यकता अनुसार पालिका समितिका सदस्यहरुको कार्य विभाजन गर्ने।

(ज) पालिकाका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने। जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने। पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने।

(झ) विधान बमोजिम पालिका अधिवेशन र पालिका भेलाको आयोजना गर्ने।

(ञ) पालिकाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने।

(ट) पार्टीको पालिका कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने।

(ठ) यस विधानमा पालिका समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने।

(ड) केन्द्रीय समिति र प्रदेश समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने।

(ढ) मातहतको वडा समिति र वडा समितिका पधादिकारीको काम, कर्तव्य र अधिकार तोक्ने।

धारा ३५ : वडा समिति

१) वडा समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) पार्टीका सम्बन्धित वडाका सदस्यहरुद्वारा आफूहरुमध्येबाट पालिका अधिवेशनमा सभापति १ जना, उपसभापति १ जना र सचिव १ जना गरी ११ सदस्यीय वडा समितिको निर्वाचन गरिने छ।

(ख) वडा समितिको कार्यकाल ५ वर्षको हुनेछ र कुनै पद रिक्त भएमा पालिका भेलाबाट पुनः निर्वाचित गरी पदपूर्ति गरिनेछ।

२) वडा समितिको काम, कर्तव्य र अधिकार र वडा समितिका पधादिकारीको काम, कर्तव्य र अधिकार पालिका समितिले तोके बमोजिम हुनेछ।

धारा ३६ : जिल्ला समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार

१) जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार

(क) जिल्लाभित्र पार्टीको समग्र नेतृत्व गर्ने। जिल्लाभित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको हकमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने।

(ख) जिल्ला समितिका पदाधिकारीको कार्य विभाजन हेरफेर गर्ने।

(ग) जिल्लाभित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने।

(ङ) जिल्लाभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी प्रदेश समितिलाई दिने।

(च) जिल्लाभित्र पार्टीका समिति, विभाग, आयोग तथा संयन्त्रहरुद्वारा भएका निर्णय कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने।

(छ) जिल्ला सभापति जिल्ला बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार जिल्ला उपसभापतिलाई कार्यवाहक जिल्ला सभापति तोक्नेछ।

(ज) जिल्ला समितिको बैठक बोलाउने। पार्टीको जिल्ला समितिको

एउटा बैठक र अर्को बैठकको बीचको अन्तर १८० दिनभन्दा बढी हुनु हुँदैन।

(झ) जिल्ला समितिले तोके बमोजिम अन्य अधिकार हुनेछ।

२) जिल्ला उपसभापतिको काम, कर्तव्य र अधिकार

(क) जिल्ला सभापतिको काममा आवश्यक सहयोग गर्ने।

(ख) जिल्ला सभापतिले प्रत्यायोजन गरेका कार्य गर्ने।

(ग) जिल्ला समितिले तोकेका कार्य गर्ने।

३) जिल्ला सचिवको काम, कर्तव्य र अधिकार

(क) जिल्ला भेलाबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र जिल्ला समितिमा प्रस्तुत गर्ने।

(ख) जिल्ला सभापतिको परामर्शमा प्रदेश समिति र जिल्ला समितिको बैठक बोलाउने, भेला, निर्वाचन र बैठकको कार्यसूची तयार गर्ने।

(ग) जिल्ला समितिबाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने।

(घ) पार्टीको जिल्ला कार्यालय जिल्ला सचिवको मातहतमा रहनेछ। सचिवले जिल्ला कार्यालयको रेखदेख गर्ने तथा जिल्ला कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने।

(ङ) जिल्ला समितिले तोकेको अन्य काम गर्ने।

(च) जिल्ला सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने।

(छ) दैनिक कार्यसञ्चालनका लागि जिल्ला सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार जिल्ला सभापतिलाई सल्लाह सुझाव दिने।

(ज) जिल्लाभित्र पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र आवश्यकता अनुसार पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रमा र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने।

(झ) जिल्लाभित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने।

(ञ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

धारा ३७ : पालिका समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार

१) पालिका सभापतिको काम, कर्तव्य र अधिकार

(क) पालिकाभित्र पार्टीको समग्र नेतृत्व गर्ने । पालिकाभित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको हकमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(ख) पालिका समितिका पदाधिकारीको कार्य विभाजन हेरफेर गर्ने ।

(ग) पालिकाभित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने।

(घ) पालिकाभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी पालिकाभित्र समितिलाई दिने ।

(ङ) पालिकाभित्र पार्टीका समिति, विभाग, आयोग तथा संयन्त्रहरुद्वारा भएका निर्णय कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने ।

(च) पालिका सभापति जिल्ला बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार पालिका उपसभापतिलाई कार्यवाहक पालिका सभापति तोक्नेछ ।

(छ) पालिका समितिको बैठक बोलाउने । पार्टीको पालिका समितिको एउटा बैठक र अर्को बैठकको बीचको अन्तर ९० दिनभन्दा बढी हुनु हुँदैन ।

(ज) पालिका समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

२) पालिका उपसभापतिको काम, कर्तव्य र अधिकार

(क) पालिका सभापतिको काममा आवश्यक सहयोग गर्ने ।

(ख) पालिका सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने ।

(ग) पालिका समितिले तोकेको कार्य गर्ने ।

३) पालिका सचिवको काम, कर्तव्य र अधिकार

(क) पालिका भेलाबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र पालिका समितिमा प्रस्तुत गर्ने ।

(ख) पालिका सभापतिको परामर्शमा प्रदेश समिति र पालिका

समितिको बैठक बोलाउने, भेला, निर्वाचन र बैठकको कार्यसूची तयार गर्ने ।

(ग) पालिका समितिबाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने ।

(घ) पार्टीको पालिका कार्यालय पालिका सचिवको मातहतमा रहनेछ । सचिवले पालिका कार्यालयको रेखदेख गर्ने तथ पालिका कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।

(ङ) पालिका समितिले तोकेको अन्य काम गर्ने ।

(च) पालिका सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने ।

(छ) दैनिक कार्यसञ्चालनका लागि पालिका सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार पालिका सभापतिलाई सल्लाह सुझाव दिने ।

(ज) पालिकाभित्र पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र आवश्यकता अनुसार पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रमा र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(झ) पालिकाभित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

(ञ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४) पालिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) पालिकाभित्र पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।

(ख) पालिका समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र पालिका समितिको निर्णय अनुसार सञ्चालन गर्ने ।

(ग) पालिकाभित्र पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।

(घ) पार्टीको कोषमा सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि पालिका समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(ङ) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन पालिका समिति र प्रदेश समितिमार्फत् पालिका भेला र पालिका अधिवेशनमा पेश गर्ने ।

(च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## भाग–१०

## निर्वाचन, मनोनयन र सल्लाहकार परिषद र कार्यालय

### धारा ३८ : केन्द्रीय निर्वाचन आयोग

१) राष्ट्रिय भेलाबाट सभापति १, उपसभापति १ र सचिव १ समेत गरी कुल ११ सदस्यीय केन्द्रीय निर्वाचन आयोगको गरिनेछ ।

२) आयोगका सभापति, उपसभापति र सचिवको मर्यादा केन्द्रीय कार्यसम्पादन समितिका सदस्यहरु सरह हुनेछ र अन्य सदस्यहरुको मर्यादा केन्द्रीय सदस्य सरह हुनेछ ।

३) आयोग राष्ट्रिय महाधिवेशन र राष्ट्रिय भेलाप्रति उत्तरदायी हुनेछ ।

४) आयोगका पदाधिकारी र सदस्यहरु पार्टीका अन्य कुनै समिति, आयोग, विभाग वा संयन्त्रको सदस्य हुने छैनन् ।

### धारा ३९ : केन्द्रीय निर्वाचन आयोगका काम, कर्तव्य र अधिकार

केन्द्रीय निर्वाचन आयोगका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय भेलाबाट विधानले तोके बमोजिम निर्वाचन गर्ने, गराउने।

(ख) प्रदेश अधिवेशन र प्रदेश भेलाबाट विधानले तोके बमोजिम निर्वाचन गर्ने ।

(ग) पालिका अधिवेशन र पालिका भेलाबाट विधानले तोके बमोजिम निर्वाचन गर्ने ।

(घ) जिल्ला भेलाबाट विधानले तोके बमोजिम निर्वाचन गर्ने ।

(ङ) पार्टीको सबै तहको प्रारम्भिक निर्वाचन गर्ने ।

(च) विधानमा तोकिए बमोजिम कार्यहरु गर्ने ।

### धारा ४० : समितिका सदस्य वा पदाधिकारको योग्यता

पार्टीको कुनै पनि तहको सदस्य वा पदाधिकारी बन्न पार्टीको सदस्य भएको

मितिले कम्तीमा १ वर्ष पूरा गरेको हुनुपर्नेछ र साधारण सदस्यले मात्र सदस्य वा पदाधिकारी बन्न पाउने छन्।

धारा ४१ : पद रिक्त हुने अवस्था

पार्टीको कुनै पनि तहको मनोनीत सदस्यलाई सम्बन्धित तहको सभापतिले हटाउन सक्नेछन्। पार्टीको सम्पूर्ण निकायको कुनै पनि तह, समिति वा विभागको सदस्य वा पदाधिकारीको पार्टी सदस्यता धारा १४ बमोजिम समाप्त भएको अवस्थामा सो पद रिक्त हुनेछ।

धारा ४२ : पदावधि

१) पार्टीको केन्द्रीय निकायका पदावधि राष्ट्रिय महाधिवेशनबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ तर राष्ट्रिय महाधिवेशन कुनै कारणवश ५ वर्ष अगावै भए पदावधि पनि समाप्त हुनेछ।

२) पार्टीको प्रदेश निकायका पदावधि प्रदेश अधिवेशनबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ तर प्रदेश अधिवेशन कुनै कारणवश ५ वर्ष अगावै भए पदावधि पनि समाप्त हुनेछ।

३) पार्टीको पालिका समितिको पदावधि पालिका अधिवेशनबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ तर पालिका अधिवेशन कुनै कारणवश ५ वर्ष अगावै भए पदावधि पनि समाप्त हुनेछ।

४) पार्टीको जिल्ला समितिको पदावधि जिल्ला भेलाबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ। जिल्ला समितिको निर्वाचन गर्ने जिल्ला भेला पालिका अधिवेशन भएको १ महिनाभित्र गरिनेछ।

धारा ४३ : पदपूर्ति सम्बन्धी व्यवस्था

पार्टीको कुनै पनि तहको पद कुनै पनि कारणले रिक्त हुन गएमा देहाय बमोजिम पदपूर्ति गरिनेछ :

१) मनोनीत सदस्यहरुको हकमा सोही प्रक्रियाबाट मनोनयन गरिनेछ।

२) महाधिवेशन वा अधिवेशनबाट निर्वाचित प्रतिनिधिहरुको हकमा राष्ट्रिय भेलाका प्रतिनिधिहरुबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ। यसरी निर्वाचित भएका पदाधिकारीको कार्यकाल बाँकी अवधिको लागि मात्र हुनेछ।

धारा ४४ : केन्द्रीय सल्लाहकार परिषद

१) केन्द्रीय समितिले आवश्यकता अनुसार १२१ जना सदस्य नबढ्ने गरी

सल्लाहकार परिषद् गठन गर्न सक्नेछ ।

२) सल्लाहकार परिषद्को मर्यादा केन्द्रीय समितिका सदस्य सरह हुनेछ ।

३) सल्लाहकार परिषद्को बैठक आवश्यकता अनुसार पार्टी सभापतिले बोलाउने छन् र आवश्यकता अनुसार केन्द्रीय सदस्यहरुलाई बैठकमा उपस्थिति र छलफलका लागि बोलाउन सक्नेछन् ।

४) सल्लाहकार परिषद्का सदस्यहरुमध्ये केन्द्रीय समितिले आवश्यकता अनुसार सल्लाहकार समिति बनाई विभिन्न विषयमा सल्लाह दिन सक्नेछ ।

धारा ४५ : केन्द्रीय कार्यालय

१) कार्यालय सचिव

पार्टीको केन्द्रीय कार्यालय सञ्चालन गर्न केन्द्रीय समितिले तोकिएको योग्यता पुगेका नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताबाट कार्यालय सचिवको नियुक्ति गर्नेछ । केन्द्रीय कार्यालयका अन्य सबै कर्मचारी कार्यालय सचिव मातहत रहनेछन् कार्यालय सचिवले तोके बमोजिम कार्य गनेछन् । कार्यालय सचिव र मातहतका कर्मचारीको सेवा, सर्त तथा सुविधाहरु केन्द्रीय समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२) केन्द्रीय कार्यालयको अधिकार र कर्तव्य

(क) पार्टीका समिति, विभाग, आयोग र अन्य संयन्त्रबीच सम्पर्क तथा समन्वय गर्ने ।

(ख) केन्द्रीय तहमा आयोजना हुने बैठक तथा कार्यक्रमहरुको व्यवस्थापन गर्ने ।

(ग) पार्टीको दैनिक कार्यसञ्चालन तथा अन्य अभिलेखिकरण लगायत सम्पूर्ण समन्वयात्मक कार्यहरु गर्ने र पार्टी पदाधिकारीलाई जिम्मेवारी पूरा गर्न निर्देशन अनुसार कार्य गर्ने ।

(घ) केन्द्रीय कार्यसम्पादन समिति र केन्द्रीय समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

३) पार्टीको कार्यालय सञ्चालन र व्यवस्थापन पार्टीको प्रशासनिक नियमावली अनुसार हुनेछ ।

धारा ४६ : प्रदेश, जिल्ला र पालिका कार्यालय

१) पार्टीको केन्द्रीय कार्यालय मातहत रहने गरी विधानले तोके बमोजिम

तहको दैनिक कार्यसञ्चालन तथा अन्य अभिलेखीकरण लगायत सम्पूर्ण समन्वयात्मक कार्यहरु गर्न सम्बन्धित तहको रेखदेखमा प्रदेश, जिल्ला र पालिका कार्यालयहरु रहनेछन्।

२) पार्टीको प्रदेश, जिल्ला र पालिका कार्यालयहरु सञ्चालन र व्यवस्थापन पार्टीको प्रशासनिक नियमावली अनुसार हुनेछ।

## भाग–११

## महाधिवेशन, अधिवेशन र भेला

### धारा ४७ : राष्ट्रिय महाअधिवेशन

१) राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको आयोजना केन्द्रीय समितिले गर्नेछ।

२) संघीय निर्वाचन सम्पन्न भएको १ वर्षभित्र पार्टीले राष्ट्रिय महाधिवेशन गर्नेछ। यदि प्रतिनिधि सभाले आफ्नो ५ वर्षीय कार्यकाल पूरा नगरी राष्ट्रमा मध्यावधि चुनाव भएमा राष्ट्रिय महाधिवेशन सो चुनावको १ वर्षभित्र गरिसक्नुपर्नेछ।

३) राष्ट्रिय महाधिवेशनको गठन देहाय बमोजिम हुनेछ :

(क) गाँउपालिकाबाट २ जना : १ जना पालिका सभापति र पालिकाका सदस्यहरुमध्ये राष्ट्रिय महाधिवेशन प्रतिनिधिको रुपमा निर्वाचित १ जना।

(ख) नगरपालिकाबाट ३ जना : १ जना पालिका सभापति र पालिकाका सदस्यहरुमध्ये राष्ट्रिय महाधिवेशन प्रतिनिधिको रुपमा निर्वाचित २ जना।

(ग) उपमहानगरपालिकाबाट ४ जना : १ जना पालिका सभापति र पालिकाका सदस्यहरुमध्ये राष्ट्रिय महाधिवेशन प्रतिनिधिको रुपमा निर्वाचित ३ जना।

(घ) महानगरपालिकाबाट ५ जना : १ जना पालिका सभापति र पालिकाका सदस्यहरुमध्ये राष्ट्रिय महाधिवेशन प्रतिनिधिको रुपमा निर्वाचित ४ जना।

(ङ) जिल्ला समितिको सभापति, उपसभापति र सचिव।

(च) प्रदेश समितिका सबै।

(छ) केन्द्रीय समितिका सबै।

(ज) केन्द्रीय अनुशासन एवम् आचरण समितिका सबै ।

(झ) केन्द्रीय निर्वाचन आयोगका सबै ।

(ञ) केन्द्रीय लेखा आयोगका सबै ।

(ट) केन्द्रीय सल्लाहकार परिषद्बाट केन्द्रीय समितिले मनोनीत गरेका अधिकतम ३३ जना ।

(ठ) पार्टीबाट पालिका सभापति र उपसभापति वा प्रमुख र उपप्रमुख, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य वा राष्ट्रिय सभा सदस्यका रुपमा निर्वाचित जनप्रतिनिधिहरु।

४) राष्ट्रिय महाधिवेशनको प्रक्रिया :

(क) विधान बमोजिम राष्ट्रिय महाधिवेशन अवधि सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले केन्द्रीय समितिलाई राष्ट्रिय महाधिवेशन आयोजना गर्ने मिति र स्थान सिफारिस गर्नेछ ।

(ख) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा केन्द्रीय समितिले राष्ट्रिय महाधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(ग) केन्द्रीय निर्वाचन आयोगले राष्ट्रिय महाधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(घ) पार्टी सभापतिले राष्ट्रिय महाधिवेशनको सभापतित्व गर्नेछन् ।

(ङ) केन्द्रीय समितिले राष्ट्रिय महाधिवेशन आयोजना गर्नेछ ।

५) राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार

(क) राष्ट्रिय महाधिवेशन सञ्चालन गर्न ११ जनाको संयोजन समिति र आवश्यक संरचना गठन गर्ने ।

(ख) केन्द्रीय समितिका सदस्यहरुको निर्वाचन गर्ने ।

(ग) अनुशासन एवम आचरण समिति र केन्द्रीय लेखा आयोगका पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्ने ।

(घ) पार्टी सभापतिको निर्वाचन गर्ने ।

(ङ) केन्द्रीय समितिले आवश्यक ठानी राजनीतिक प्रतिवेदन संगठनात्मक प्रस्ताव, आर्थिक प्रतिवेदन र विधान संशोधन प्रस्ताव प्रस्तुत गरेमा छलफल गरी पारित गर्ने ।

धारा ४८ : राष्ट्रिय भेला

१) केन्द्रीय समितिले दुई महाधिवेशनको बीचमा राष्ट्रिय भेला आयोजना गर्नेछ । यो दुई महाधिवेशनको बीचको अवधिमा पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ र यो राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ । दुई राष्ट्रिय भेला बीचको अवधि (वा राष्ट्रिय महाधिवेशन र राष्ट्रिय भेला बीचको अवधि) न्यूनतम ६ महिना र अधिकतम १८ महिना हुनेछ ।

२) राष्ट्रिय भेलाका प्रतिनिधिहरु देहाय बमोजिम हुनेछन् :

(क) गाँउपालिकाबाट १ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको १ जना ।

(ख) नगरपालिकाबाट २ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको २ जना ।

(ग) उपमहानगरपालिकाबाट ३ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको ३ जना ।

(घ) महानगरपालिकाबाट ४ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको ४ जना ।

(ङ) जिल्ला समितिको सभापति, उपसभापति र सचिव ।

(च) प्रदेश समितिका सबै ।

(छ) पार्टीबाट पालिका सभापति र उपसभापति वा प्रमुख र उप्रप्रमुख, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य वा राष्ट्र्य सभा सदस्यका रुपमा निर्वाचित जनप्रतिनिधिहरु।

३) राष्ट्रिय महाधिवेशन गरेको वर्ष राष्ट्रिय भेला गरिने छैन ।

४) राष्ट्रिय भेलाका काम, कर्तव्य र अधिकार

(क) राष्ट्रिय भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने ।

(ख) केन्द्रीय समितिद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन र संगठनात्मक प्रस्तावमाथि छलफल गरी पारित गर्ने ।

(ग) अनुशासन एवम् आचरण समिति, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने ।

(घ) केन्द्रीय निर्वाचन आयोगको निर्वाचन गर्ने । केन्द्रीय निर्वाचन

आयोगका पदाधिकारी र सदस्यको पदावधि ५ वर्षको हुनेछ । केन्द्रीय निर्वाचन आयोगका सदस्यहरुका रिक्त पदको निर्वाचन गरी केन्द्रीय निर्वाचन आयोगलाई पूर्णता दिने।

(ङ) निर्वाचित केन्द्रीय समितिका सदस्यहरुमध्येबाट पार्टीको विधान बमोजिम कुनै केन्द्रीय समितिको सदस्यको पद वा केन्द्रीय अनुशासन एवम् आचरण समिति वा केन्द्रीय लेखा आयोगका पदाधिकारी र सदस्यहरुका रिक्त पदको निर्वाचन गरी केन्द्रीय समिति, केन्द्रीय अनुशासन एवम आचरण समिति वा केन्द्रीय लेखा आयोगलाई पूर्णता दिने ।

धारा ४९ : प्रदेश अधिवेशन

१) प्रदेश अधिवेशन पार्टीको प्रदेशभित्रको सर्वोच्च निकाय हुनेछ र यसको आयोजना प्रदेश समितिले गर्नेछ ।

२) प्रदेश निर्वाचन सम्पन्न भएको १ वर्षभित्र पार्टीले प्रदेश अधिवेशन गर्नेछ । यदि प्रदेश सभाले आफ्नो५ वर्षीय कार्यकाल पूरा नगरी प्रदेशमा मध्यावधि चुनाव भएमा प्रदेश अधिवेशन सो चुनावको १ वर्षभित्र गरिसक्नु पर्नेछ ।

३) प्रदेश अधिवेशनका गठन देहाय बमोजिम हुनेछन् :

(क) गाँउपालिकाबाट २ जना : १ जना पालिका सभापति र पालिकाका सदस्यहरुमध्ये प्रदेश अधिवेशनका प्रतिनिधिको रुपमा निर्वाचित १ जना ।

(ख) नगरपालिकाबाट ३ जना : १ जना पालिका सभापति र पालिकाका सदस्यहरुमध्ये प्रदेश अधिवेशनका प्रतिनिधिको रुपमा निर्वाचित २ जना ।

(ग) उपमहानगरपालिकाबाट ४ जना : १ जना पालिका सभापति र पालिकाका सदस्यहरुमध्ये प्रदेश अधिवेशनका प्रतिनिधिको रुपमा निर्वाचित ३ जना ।

(घ) महानगरपालिकाबाट ५ जना : १ जना पालिका सभापति र पालिकाका सदस्यहरुमध्ये प्रदेश अधिवेशनका प्रतिनिधिको रुपमा निर्वाचित ४ जना ।

(ङ) जिल्ला समितिको सभापति, उपसभापति र सचिव ।

(च) प्रदेश समितिका सबै ।

(छ) पार्टीबाट प्रदेशभित्रका पालिका सभापति र उपसभापति वा प्रमुख र उपप्रमुख, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य वा राष्ट्रिय सभा सदस्यका रुपमा निर्वाचित जनप्रतिनिधिहरु ।

४) प्रदेश अधिवेशनको प्रक्रिया :

(क) विधान बमोजिम प्रदेश अधिवेशनको अवधि सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले प्रदेश समितिलाई प्रदेश अधिवेशन आयोजना गर्ने मिति र स्थान सिफारिस गर्नेछ ।

(ख) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा प्रदेश समितिले प्रदेश अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(ग) केन्द्रीय निर्वाचन आयोगले प्रदेश अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(घ) प्रदेश सभापतिले प्रदेश अधिवेशनको सभापतित्व गर्नेछन् ।

(ङ) प्रदेश समितिले प्रदेश अधिवेशन आयोजना गर्नेछ ।

५) प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार

(क) प्रदेश अधिवेशन अधिवेशन सञ्चालन गर्न ११ जनाको संयोजन समिति र आवश्यक संचरना गठन गर्ने ।

(ख) प्रदेश समितिका सदस्यहरुको निर्वाचन गर्ने ।

(ग) प्रदेश सभापतिको निर्वाचन गर्ने ।

(घ) प्रदेश समितिले आवश्यक ठानी राजनीतिक प्रतिवेदन संगठनात्मक प्रस्ताव र आर्थिक प्रतिवेदन प्रस्ताव प्रस्तुत गरेमा छलफल गरी पारित गर्ने ।

धारा ५० : प्रदेश भेला

१) प्रदेश समितिले दुई अधिवेशनको बीचमा प्रदेश भेला आयोजना गर्नेछ । यो दुई अधिवेशनको बीचको अवधिमा पार्टीको प्रदेशभित्रको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो प्रदेश अधिवेशन प्रति उत्तरदायी हुनेछ । दुई प्रदेश भेला बीचको अवधि (वा प्रदेश अधिवेशन र प्रदेश भेला बीचको अवधि) न्यूनतम ६ महिना र अधिकतम १८ महिना हुनेछ ।

२) प्रदेश भेलाका प्रतिनिधिहरु देहाय बमोजिम हुनेछन् :

(क) गाँउपालिकाबाट १ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको १ जना।

(ख) नगरपालिकाबाट २ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको २ जना।

(ग) उपमहानगरपालिकाबाट ३ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको ३ जना।

(घ) महानगरपालिकाबाट ४ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको ४ जना।

(ङ) जिल्ला समितिको सभापति, उपसभापति र सचिव।

(च) प्रदेश समितिका सबै।

(छ) पार्टीबाट प्रदेशभित्रका पालिका सभापति र उपसभापति वा प्रमुख र उपप्रमुख, प्रदेश सभा सदस्यरुपमा निर्वाचित जनप्रतिनिधिहरु।

३) प्रदेश अधिवेशन गरेको वर्ष प्रदेश भेला गरिने छैन।

४) प्रदेश भेलाका काम, कर्तव्य र अधिकार

(क) प्रदेश भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने।

(ख) प्रदेश समितिद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन र संगठनात्कमक प्रस्ताव माथि छलफल गरी पारित गर्ने।

(ग) निर्वाचित प्रदेश समितिका सदस्यहरुमध्येबाट पार्टीको विधान बमोजिम कुनै प्रदेश समितिको सदस्यको रिक्त पदको निर्वाचन गरी प्रदेश समितिलाई पूर्णता दिने।

धारा ५१ : जिल्ला भेला

१) जिल्ला समितिले जिल्ला भेला आयोजना गर्नेछ। दुई जिल्ला भेला बीचको अवधि न्यूनतम ६ महिना र अधिकतम १८ महिना हुनेछ।

२) जिल्ला भेलाका प्रतिनिधिहरु देहाय बमोजिम हुनेछन् :

(क) पालिका समितिका सबै।

(ख) पार्टीबाट जिल्लाभित्रका पालिकामा निर्वाचित जनप्रतिनिधिहरु।

३) जिल्ला भेलाका काम, कर्तव्य र अधिकार

(क) जिल्ला भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने।

(ख) जिल्ला समितिद्धारा प्रस्तुत राजनीतिक प्रतिवेदन र संगठनात्मक प्रस्तावमाथि  छलफल गरी पारित गर्ने।

(ग) जिल्ला समितिको सभापति, उपसभापति र सचिवको निर्वाचन गर्ने । जिल्ला समितिको सभापति, उपसभापति र सचिवको पदावधि ५ वर्षको हुनेछ ।

(घ) जिल्ला समितिका सभापति, उपसभापति वा सचिवमध्ये पार्टीको विधान बमोजिम रिक्त पदको निर्वाचन गरी जिल्ला समितिलाई पूर्णता दिने ।

धारा ५२ : पालिका अधिवेशन

१) पालिका अधिवेशन पार्टीको पालिका भित्रको सर्वोच्च निकाय हुनेछ र यसको आयोजना पालिका समितिले गर्नेछ ।

२) पालिका निर्वाचन सम्पन्न भएको १ वर्ष भित्र पार्टीले पालिका अधिवेशन गर्नेछ । यदि पालिका सभाले आफ्नो५ वर्षीय कार्यकाल पूरा नगरी पालिकामा मध्यावधि चुनाव भएमा पालिका अधिवेशन सो चुनावको १ वर्षभित्र गरिसक्नु पर्नेछ ।

३) पालिका अधिवेशनका गठन देहाय बमोजिम हुनेछन् :

(क) पालिकाभित्रका सम्पूर्ण सदस्यहरु पालिका अधिवेशनबाट पार्टी सदस्यमध्येबाट प्रमुख १, उपप्रमुख १, १ सचिव समेत गरी ११ जनाको पालिका समिति निर्वाचित गरिनेछ। पालिका अधिवेशनबाट नै सम्बन्धित वडाका सदस्यहरुमध्येबाट ११ जनाको वडा समिति गठन गरिनेछ।

४) पालिका अधिवेशनको प्रक्रिया :

(क) विधान बमोजिम पालिका अधिवेशनको अवधि सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले पालिका समितिलाई पालिका अधिवेशन आयोजना गर्ने मिति र स्थान सिफारिस गर्नेछ ।

(ख) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा पालिका समितिले पालिका अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(ग) केन्द्रीय निर्वाचन आयोगले पालिका अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(घ) पालिका सभापतिले पालिका अधिवेशनको सभापतित्व गर्नेछन् ।

(ङ) पालिका समितिले पालिका अधिवेशन आयोजना गर्नेछ ।

५) पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार

(क) पालिका अधिवेशन सञ्चालन गर्न ११ जनाको संयोजन समिति र आवश्यक संचरना गठन गर्ने।

(ख) पालिका समितिका पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्ने।

(ग) पालिका समितिले आवश्यक ठानी राजनीतिक प्रतिवेदन संगठानात्मक प्रस्ताव र आर्थिक प्रतिवेदन प्रस्ताव प्रस्तुत गरेमा छलफल गरी पारित गर्ने।

(घ) पालिका समितिका पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्ने।

धारा ५३ : पालिका भेला

१) पालिका समितिले पालिका भेला आयोजना गर्नेछ। दुई पालिका भेला बीचको अन्तर न्यूनतम ६ महिना र अधिकतम १८ महिना हुनेछ।

२) पालिका भेलाका प्रतिनिधिहरु देहाय बमोजिम हुनेछन् :

(क) वडा समितिका सबै।

३) पालिका भेलाका काम, कर्तव्य र अधिकार

(क) पालिका भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने।

(ख) पालिका समितिद्धारा प्रस्तुत राजनीतिक प्रतिवेदन र संगठनात्मक प्रस्ताव माथि छलफल गरी पारित गर्ने।

ग) पालिका समिति र वडा समितिका सदस्यहरुको पार्टीको विधान बमोजिम रिक्त पदको निर्वाचन गरी पालिका समितिलाई पूर्णता दिने।

## भाग–१२

## बैठक र निर्णय

धारा ५४ : बैठक बोलाउने तथा निर्णय गर्ने सम्बन्धी व्यवस्था

१) हरेक तहगत समिति, विभाग, आयोग लगायत अन्य संयन्त्रको बैठक बोलाउने तथा त्यसको नेतृत्व गर्ने अधिकार उक्त निकायको प्रमुखलाई हुनेछ। उक्त निकायले निर्णय गर्दा बहुमतको आधारमा वा यस विधानमा उल्लेख गरिए बमोजिम हुनेछ।

२) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय भेला, पार्टीका तहगत अधिवेशन र भेलाहरुको बैठक बोलाउने सम्बन्धी यस विधानमा भएको व्यवस्थालाई

कार्यान्वयन गर्नका लागि केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति वा पालिका समितिले तोके बमोजिम हुनेछ।

## भाग–१३

## अनुशासनात्मक कारवाही

**धारा ५५ : केन्द्रीय अनुशासन तथा आचरण समिति**

१) राष्ट्रिय महाधिवेशनबाट सभापति १, उपसभापति १ र सचिव १ समेत गरी कुल ११ सदस्यीय केन्द्रीय अनुशासन तथा आचरण समिति इच्छुक उम्मेदवारहरुमध्येबाट गोलाप्रथाबाट मनोनीत गरी गठन गरिनेछ। ११ सदस्यहरुमध्येबाट सकेसम्म ३ सदस्य कानुन तथा न्याय क्षेत्रमा अध्ययन वा अनुभव प्राप्त हुनेछ।

२) पार्टीका सम्पूर्ण सदस्यहरु उम्मेदवार बन्न पाउनेछन् तर निर्वाचनमा पार्टीको कुनै पनि आन्तरिक वा प्रारम्भिक निर्वाचनमा पछिल्लो ५ वर्षभित्र उम्मेदवार नभएको हुनुपर्नेछ वा कुनै समितिमा मनोनीत नभएको हुनुपर्नेछ र यस समितिका निर्वाचित ११ जना सदस्यहरुले ५ वर्षसम्म आन्तरिक निर्वाचनमा वा प्रारम्भिक निर्वाचनमा उम्मेदवार बन्न पाउने छैनन्।

३) समितिका सभापति, उपसभापति र सचिवको मर्यादा केन्द्रीय कार्यसम्पादन समितिका सदस्य सरह हुनेछ र अन्य सदस्यहरुको मर्यादा केन्द्रीय समितिका सदस्य सरह हुनेछ।

४) समिति, राष्ट्रिय महाधिवेशन र राष्ट्रिय भेलाप्रति उत्तरदायी हुनेछ।

५) समितिको काम, कर्तव्य र अधिकार

(क) पार्टीको केन्द्रीय निकायका पदाधिकारी वा सदस्य लगायत सबै तहका पार्टीका समिति, विभाग, आयोग वा संयन्त्रका पदाधिकारी एवम् सदस्यले पार्टी निर्णय, निर्देशन र अनुशासनको पालना गरे नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न गराउन सम्बन्धित निकाय वा सदस्यलाई निर्देशन दिने।

(ख) पार्टीको कुनै पनि तहका समिति, विभाग, आयोग वा संयन्त्रका सदस्य उपर पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा छानबिन गर्ने र केन्द्रीय समितिमा प्रस्तुत गर्ने।

(घ) पार्टीको केन्द्रीय समिति वा सो सरहको समिति प्रदेश समिति वा सो सरहको समिति र पार्टीको तर्फबाट निर्वाचित जनप्रतितिधिहरुको सम्पति विवरण लिने, अभिलेख राख्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने र आवश्यकता अनुसार छानबिन गर्ने ।

(ङ) आफ्नोकामको प्रतिवेदन केन्द्रीय समिति, राष्ट्रिय भेला र राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने ।

(च) समितिले आफ्नो कार्यसम्पादन नियमावली आफैं बनाउने ।

६) समितिका अन्य सदस्यले समितिको सभापतिलाई र सभापतिले केन्द्रीय समितिलाई राजीनामा दिने ।

७) केन्द्रीय समितिको दुईतिहाइ बहुमतले समितिका सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ ।

८) समितिका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा समितिले नै पार्टी सदस्यहरुमा खुल्ला आहवान गरी उपधारा (२) बमोजिमम योग्यता पुगेकाहरु इच्छुक उम्मेदवारहरुमध्येबाट गोला प्रथाबाट रिक्त पद पूर्ति गरिनेछ ।

धारा ५६ : अनुशासनात्मक कारवाहीको प्रक्रिया

१) पार्टीको कुनै पनि तहका समिति, विभाग, आयोग वा संयन्त्रका सदस्य उपर पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा केन्द्रीय अनुशासन तथा आचरण समितिले छानबिन गर्नेछ ।

२) छानबिनको क्रममा केन्द्रीय अनुशासन तथा आचरण समितिले गुनासो सुनुवाइ गर्नेछ ।

३) केन्द्रीय समितिलाई छानबिन प्रतिवेदनसहित आवश्यक भए सदस्यता निलम्बन वा खारेजीसम्मको कारवाहीको सिफारिससहित केन्द्रीय अनुशासन तथा आचरण समितिले सिफारिस पठाउनेछ र त्यस्तो सिफारिस उपर केन्द्रीय समितिले निर्णय गर्नेछ ।

४) केन्द्रीय समितिले सदस्यता खारेजी वा निलम्बन गर्नुपूर्व स्पष्टिकरणसहित सफाई पेश गर्ने मौका दिनेछ ।

५) केन्द्रीय समितिको निर्णय बमोजिम कुनै पनि बेला कारवाही बदर वा संशोधन गर्न सक्नेछ।

## भाग–१४

## पुनरावेदन सम्बन्धी व्यवस्था

धारा ५७ : पुनरावेदन सम्बन्धी प्रक्रिया

१) पार्टी सदस्यलाई आफूलाई गरिएको कारवाही चित्त नबुझेमा पुनरावेदन समितिमा पुनरावेदनका लागि निवेदन दिनुपर्नेछ।

२) प्राप्त निवेदन उपर पुनरावेदन समितिले छानविन गरी आफ्नोराय तथा सिफारिस सहितको प्रतिवेदन पार्टी सभापतिलाई पठाउनेछ र त्यस्तो सिफारिसका आधारमा पार्टी सभापतिद्वारा अन्तिम निर्णयका लागि केन्द्रीय समितिमा प्रस्ताव पेश गरिनेछ।

धारा ५८ : पुनरावेदन समितिको गठन

१) केन्द्रीय समितिले पार्टी सभापतिको प्रस्तावमा १ जना सभापति र १ जना सचिव सहितको कुल ११ जनाको पुनरावेदन समिति गठन गर्नेछ।

धारा ५९ : पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार

१) पुनरावेदन समितिमा पुनरावेदनका लागि परेको निवेदन उपर छानबिन गरी राय तथा सिफारिस सहितको प्रतिवेदन पार्टी सभापतिलाई पठाउने।

२) समितिले प्राप्त निवेदन उपर छानबिनको क्रममा गुनासोको पुनः सुनुवाइ गर्न सक्नेछ।

## भाग–१५

## सदस्यताको विवाद, निरुपण तथा खारेजी

धारा ६० : विवाद समाधान समिति

१) केन्द्रीय समितिले पार्टी सभापतिको प्रस्तावमा १ जना सभापति र १ जना सचिव सहितको कुल ११ जनाको विवाद समाधान समिति गठन गर्नेछ।

धारा ६१ : विवाद समाधान समितिको काम, कर्तव्य र अधिकार

१) विवाद समाधान समितिले सदस्यता सम्बन्धी समस्या, विवादको सुनुवाइ, प्रदेश समिति वा केन्द्रीय समितिको सिफारिस उपर आवश्यक छलफल तथा निर्णय गर्नुका साथै सदस्यता समेत खारेज गर्न सक्नेछ।

२) निवेदन उपर छानबिनको क्रममा समितिले विवादको पुनः सुनुवाइ गर्न सक्नेछ।

## भाग–१६
## पार्टीको कोष

**धारा ६२ : पार्टी कोष**

१) पार्टीको कोष देहाय बमोजिम हुनेछ ।

(क) सदस्यता शुल्कबाट सङ्कलित रकम ।

(ख) सदस्य र गैर सदस्य नेपाली नागरिकबाट स्वेच्छिक प्राप्त नगद वा जिन्सीको दान ।

(ग) प्रकाशन बिक्री वितरणबाट प्राप्त आय ।

(घ) पार्टीको सम्पत्ति परिचालनबाट प्राप्त आय ।

(ङ) विशेष अभियान वा कार्यक्रमबाट सङ्कलित आय ।

(च) पार्टीको आन्तरिक र प्रारम्भिक निर्वाचनका क्रममा उम्मेदवारले बुझाउने तोकिए बमोजिमको उम्मेदवारी शुल्क ।

२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपालको कानुनले राजनीतिक दललाई अर्थ सङकलन र व्यवस्थापनमा निर्दिष्ट गरेको कानुनको अधीनमा रही मात्र कार्य गरिनेछ।

**धारा ६३ : पार्टीको कोषको सञ्चालन तथा व्यवस्थापन**

१) केन्द्रीय, प्रदेश र पालिका स्तरमा तोकिए बमोजिम विभागहरु रहनेछन् ।

२) पार्टीको प्रत्येक तहमा हुने नगद, आय–व्ययको व्यवस्थापन र पारदर्शिताका निम्ति बैंक खाता सञ्चालन गरिनेछ र जो सम्बन्धित तहको समितिको निर्णयबाट मुख्य पदाधिकारीको दस्तखतबाट सञ्चालन हुनेछ ।

३) पार्टीको कोषको व्यवस्थापन र सञ्चालन पार्टीको आर्थिक नियमावली अनुसार हुनेछ ।

४) सबै तहका समितिहरुले आर्थिक नियमावली अनुसार आफ्नोसमितिको आय व्ययको हिसाब राख्नेछन् र वार्षिक रुपमा लेखापरीक्षण गराई आफ्नोतहको अधिवेशन तथा भेलामा पेश गर्नेछन् ।

५) पार्टीको नाममा भएका चल अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा केन्द्रीय समितिको स्वामित्व हुनेछ ।

६) केन्द्रीय  समितिको लिखित अनुमतिबिना लिएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही हुनेछैन ।

भाग–१७

## लेखापरीक्षण

**धारा ६४ : लेखा परीक्षण**

१) पार्टीका सबै निकायको आय र व्ययको वार्षिक विवरणको लेखापरीक्षण गरिनेछ।

२) पार्टीको आय र व्ययको वार्षिक विवरणको राजनीतिक दल सम्बन्धी ऐन बमोजिमको ढाँचामा राखिनेछ र जिम्मेवार पदाधिकारीमार्फत् राष्ट्रिय निर्वाचन आयोगमा पेश गरिनेछ।

३) केन्द्रीय लेखा आयोगले लेखा परीक्षक नियुक्त गरी पारिश्रमिक समेत तोक्नेछ।

४) राजनीतिक दल सम्बन्धी ऐनबमोजिम तोकिएको अवधिभित्र लेखापरीक्षण गराइनेछ।

५) लेखापरीक्षणको प्रतिवेदन राष्ट्रिय निर्वाचन आयोगलाई बुझाइनेछ।

६) लेखापरीक्षणको प्रतिवेदन सार्वजनिक गरिनेछ।

**धारा ६६ : केन्द्रीय लेखा आयोग**

१) राष्ट्रिय महाधिवेशनबाट सभापति १, उपसभापति १ र सचिव १ गरी कुल ११ सदस्यीय केन्द्रीय लेखा आयोगको निर्वाचन गरिनेछ। यसरी निर्वाचित गर्दा सकेसम्म ३ सदस्य लेखा परीक्षणको क्षेत्रमा अध्ययन वा अनुभव हासिल गरेको हुनेछ।

२) आयोगका सभापति, उपसभापति र सचिवको मर्यादा केन्द्रीय कार्यसम्पादन समितिका सदस्यहरु सरह हुनेछ र अन्य सदस्यहरुको मर्यादा केन्द्रीय सदस्य सरह हुनेछ।

३) आयोग राष्ट्रिय महाधिवेशन र राष्ट्रिय भेलाप्रति उत्तरदायी हुनेछ।

४) आयोगका पदाधिकारी र सदस्यहरु पार्टीका अन्य कुनै समिति, आयोग, विभाग वा संयन्त्रको सदस्य हुने छैनन्।

५) समितिका अन्य सदस्यले समितिको सभापतिलाई र सभापतिले केन्द्रीय समितिलाई राजीनामा दिने।

६) केन्द्रीय समितिको दुई तिहाइ बहुमतले समितिका सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ।

७) आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा राष्ट्रिय भेलाबाट

निर्वाचन गरी पदपूर्ति गरिनेछ।

धारा ६७ : केन्द्रीय लेखा आयोगका काम, कर्तव्य र अधिकार

केन्द्रीय आयोगका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) कोषाध्यक्षले राखेको आय र व्ययको वार्षिक विवरणको लेखापरीक्षण गराउने।

(ख) केन्द्रीय समितिको आयव्ययको नियमित अनुगमन र वार्षिक रुपमा लेखापरीक्षण गराउने।

(ग) आवश्यकता अनुसार लेखापरीक्षण विज्ञहरु नियुक्त गरी छलफल गरी लेखापरीक्षण प्रतिवेदन तयार पारी कार्यान्वयनका लागि केन्द्रीय समितिमा प्रस्तुत गर्नेछ।

(घ) पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रको आवश्यकता अनुसार लेखापरीक्षण गराउने।

(ङ) केन्द्रीय समितिलाई आवश्यकता अनुसार लेखा, कोष तथा अर्थसम्बन्धी सल्लाहसुझाव दिने र केन्द्रीय समितिको निर्देशन अनुसार कार्यान्वयन गर्ने र गराउने।

(च) लेखा, कोष तथा अर्थसम्बन्धी नियमावली बनाई कार्यान्वयनका लागि प्रस्तुत गर्ने।

(छ) आफ्नोकामको प्रतिवेदन केन्द्रीय समिति, राष्ट्रिय भेला र राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने।

(ज) लेखा सम्बन्धी तोकिएको अन्य काम गर्ने।

## भाग–१८

## पार्टी विघटन र सम्पति तथा दायित्वको व्यवस्थापन

धारा ६८ : पार्टी विघटन हुने अवस्था

पार्टी विघटन प्रचलित कानुन बमोजिम हुनेछ।

धारा ६९ : पार्टी विघटन भएमा पार्टीको सम्पत्ति सम्बन्धी दायित्व

पार्टी विघटन भएमा पार्टीको सम्पत्ति सम्बन्धी दायित्व प्रचलित कानुन बमोजिम हुनेछ।

## भाग–१९

## प्रारम्भिक निर्वाचन (उम्मेदवार छनोट) र निर्वाचित जनप्रतिनिधि

**धारा ७० : उम्मेदवारको योग्यता :**

देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकले पार्टीको तर्फबाट राज्यको कुनै पनि तहको पदमा उम्मेदवार हुन योग्य मानिनेछ :

(क) प्रचलित कानुन बमोजिम उम्मेदवार हुने योग्यता भएको।

(ख) पार्टीको केन्द्रीय अनुशासन तथा आचरण समितिलाई सम्पत्ति विवरण बुझाएको र उम्मेदवार छनोट अघि सार्वजनिक गरेको।

(ग) प्रहरी रिर्पोट सार्वजनिक गरेको।

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार प्रसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर, हत्या सम्बन्धी कसूर वा नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसूरमा सजाय भुक्तान गरेको १ वर्षभन्दा बढी अवधि पूरा गरेको।

(घ) पार्टीको केन्द्रीय समितिले जारी गरेको प्रतिवद्धता पत्रप्रति प्रतिबद्ध रहेको।

(ङ) अन्य राजनीतिक पार्टी त्याग गरेको।

**धारा ७१ : प्रारम्भिक निर्वाचन**

१) राज्यको कुनै पनि तहको पदमा उम्मेदवार छनोट गर्न देहाय बमोजिम निर्वाचन मण्डल गठन गरिनेछ :

(क) वडा सदस्य र सभापति निर्वाचन : सम्बन्धित वडामा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु।

(ख) पालिका सभापति, उपसभापति वा प्रमुख, उपप्रमुख निर्वाचन : सम्बन्धित पालिकामा मतदाता ठेगना भएका पार्टीका साधारण सदस्यहरु।

(ग) प्रदेश सभा प्रत्यक्ष निर्वाचन : सम्बन्धित प्रदेश प्रत्यक्ष निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु।

(घ) प्रदेश सभा समानुपातिक निर्वाचन : सम्बन्धित प्रदेश सभा निर्वाचन

क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु ।

(ङ) प्रतिनिधि सभा प्रत्यक्ष निर्वाचन : सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु ।

(च) प्रतिनिधि सभा समानुपातिक निर्वाचन : पार्टीका सम्पूर्ण साधारण सदस्यहरु ।

२) उपधारा (१) बमोजिम गठन हुने निर्वाचन मण्डलमा मतदाता सदस्यहरुको अन्तिम नामावली केन्द्रीय समितिले तोके बमोजिम हुनेछ । अन्तिम नामावली प्रारम्भिक निर्वाचन अघि बढीमा ९० दिन र कम्तीमा ७ दिनअघि तोकिनुपर्ने छ ।

३) केन्द्रीय समितिद्वारा प्रारम्भिक निर्वाचनको मिति तोकिनेछ ।

४) उपधारा (१) बमोजिम गठन हुने निर्वाचन मण्डलको संख्या, राष्ट्रिय निर्वाचन आयोगले अघिल्लो निर्वाचन सार्वजनिक गरेको सम्बन्धित क्षेत्रको कुल मतदाता संख्याको ०.१ (शुन्य दशमलब एक) प्रतिशत भन्दा कम रहे निर्वाचन मण्डल गठन भएको मानिने छैन र सम्बन्धित क्षेत्रको उम्मेदवार केन्द्रीय समितिले छनोट गर्नेछ ।

५).केन्द्रीय निर्वाचन आयोगले प्रारम्भिक निर्वाचनको प्रक्रिया गर्नेछ ।

६) प्रारम्भिक निर्वाचनका लागि केन्द्रीय समितिले प्रारम्भिक निर्वाचन नियमावली बनाउनेछ र केन्द्रीय समिति तथा केन्द्रीय निर्वाचन आयोगले तोकिए बमोजिम सो कार्यान्वयन गर्नेछन् ।

७) प्रारम्भिक निर्वाचनमा विजयी उम्मेदवार पार्टीको तर्फबाट (स्थानीय तह, प्रदेश वा प्रतिनिधि सभा निर्वाचनमा) सम्बन्धित क्षेत्रको उम्मेदवार हुनेछ ।

धारा ७२ : पार्टीको तर्फबाट प्रतिनिधि सभा संसदीय दलको नेता छनोट

१) संघीय निर्वाचन अगावै पार्टीको तर्फबाट संघीय निर्वाचनको लागि समानुपातिक र प्रत्यक्षतर्फ छनोट भएका उम्मेदवारहरुमध्ये इच्छुक उम्मेदवारहरुबीच प्रतिनिधि सभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ ।

२) उपधारा (१) बमोजिमको निर्वाचनमा पार्टीका सम्पूर्ण साधारण सदस्यहरु मतदाता हुन पाउनेछन् ।

३) उपधारा (१) र (२) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको

(५०%+१) को सङ्ख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ। कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को सङ्ख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुइ उम्मेदवारबीच पूनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ।

४) यस धारा बमोजिमको निर्वाचन केन्द्रीय समितिले तोके बमोजिमको मितिमा हुनेछ र केन्द्रीय निर्वाचन आयोगले सो प्रक्रिया सञ्चालन गर्नेछ।

५) संसदीय दलको नेतालाई पार्टीका साधारण सदस्यहरुको बहुमतले यस विधान बमोजिम फिर्ता बोलाउने निर्णय नगरेसम्म पार्टीको संसदीय दलको नेताबाट हटाउन पाउने छैन तर निजको कुनै पनि कारणले धारा (७०) बमोजिमको योग्यता कायम नरहेमा केन्द्रीय समितिको निर्णयले संसदीय दलको नेताबाट हटाउन पाइने छ।

६) माथि जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावित संसदीय दलको नेता राष्ट्रिय निर्वाचनमा पराजित भएमा वा कुनै कारणवश संसदीय दलको नेताको पद रिक्त भएमा पार्टीको तर्फबाट विजयी इच्छुक उम्मेदवारहरुबीच.प्रतिनिधिसभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ। यस निर्वाचनमा पार्टीका सम्पूर्ण सदस्यहरु मतदाता हुन पाउनेछन्।

७) उपधारा (६) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५० %+१) को सङ्ख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ। कुनै पनि उम्मेदवारले कुल सदर मतको (५० %+१) को सङ्ख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुइ उम्मेदवारबीच पूनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ।

८) पार्टीको संसदीय दलको नेता पार्टीले सरकारको नेतृत्व लिएमा प्रधानमन्त्री हुनेछ।

धारा ७३ : पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता छनोट

१) प्रदेश निर्वाचन अगावै पार्टीको तर्फबाट प्रदेश निर्वाचनको लागि समानुपातिक र प्रत्यक्षतर्फ छनोट भएका उम्मेदवारहरुमध्ये इच्छुक

उम्मेदवारहरुबीच प्रदेश सभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ।

२) उपधारा (१) बमोजिमको निर्वाचनमा पार्टीका सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका सम्पूर्ण साधारण सदस्यहरु मतदाता हुन पाउनेछन्।

३) उपधारा (१) र (२) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५०%+१) को सङ्ख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ। कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को सङ्ख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुइ उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ।

४) यस धारा बमोजिमको निर्वाचन केन्द्रीय समितिले तोके बमोजिमको मितिमा हुनेछ र केन्द्रीय निर्वाचन आयोगले सो प्रक्रिया सञ्चालन गर्नेछ।

५) प्रदेश सभा संसदीय दलको नेतालाई सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरुको बहुमतले यस विधान बमोजिम फिर्ता बोलाउने निर्णय नगरेसम्म पार्टीको प्रदेश सभा संसदीय दलको नेताबाट हटाउन पाउने छैन तर निजको कुनै पनि कारणले धारा (७०) बमोजिमको योग्यता कायम नरहेमा केन्द्रीय समितिको निर्णयले संसदीय दलको नेताबाट हटाउन पाइने छ।

६) माथि जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावित प्रदेश सभा संसदीय दलको नेता राष्ट्रिय निर्वाचनमा पराजित भएमा वा कुनै कारणवश संसदीय दलको नेताको पद रिक्त भएमा पार्टीको तर्फबाट जितेका इच्छुक उम्मेदवारहरुबीच. प्रदेश सभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ। यस निर्वाचनमा सम्बन्धित प्रदेश मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु मतदाता हुन पाउने छन्।

७) उपधारा (६) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५० %+१) को सङ्ख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ। कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को सङ्ख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत

ल्याउने दुइ उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ।

८) पार्टीको प्रदेश सभा संसदीय दलको नेता पार्टीले सरकारको नेतृत्व लिएमा मुख्यमन्त्री हुनेछ।

धारा ७४ : पालिका सभा दल, प्रदेश सभा दल, प्रतिनिधि सभा दल, राष्ट्रिय सभा दल र संघीय संसदीय दलको व्यवस्था

१) सम्बन्धित क्षेत्रमा पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरुको पालिका सभा दल, प्रदेश सभा दल, प्रतिनिधि सभा दल, राष्ट्रिय सभा दल र संघीय संसदीय दलको व्यवस्था केन्द्रीय समितिले जारी गर्ने नियमावली बमोजिम हुनेछ।

२) पार्टीको प्रदेश समिति र प्रदेश सभा दलको संयुक्त बैठक बस्न सक्नेछ तथा केन्द्रीय समिति र संघीय संसदीय दलको संयुक्त बैठक बस्न सक्नेछ। यी बैठकको व्यवस्था, सञ्चालन तथा प्रक्रिया केन्द्रीय समितिले जारी गर्ने नियमावली बमोजिम हुनेछ।

धारा ७५: जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार

पार्टीका सम्बन्धित क्षेत्रको साधारण सदस्यहरुलाई आफ्ना जनप्रतिनिधिले चित्त बुझ्दो काम नगरे फिर्ता बोलाउन पाउने अधिकार हुनेछ। केन्द्रीय समितिले बनाउने नियमावली बमोजिम सम्बन्धित क्षेत्रको साधारण सदस्यहरु निश्चित संख्या वा प्रतिशतले निर्णय गरे पार्टीको केन्द्रीय समितिले सम्बन्धित जनप्रतिनिधिको पदको खारेजीलाई प्रक्रिया सुरु गरिनेछ।

## भाग–२०

## विविध

धारा ७६ : पार्टीको केन्द्रीय स्तरका विभागहरु

१) पार्टीको केन्द्रीय सदस्यहरुमध्येबाट सभापति १, उपसभापति १, सचिव १ जना र पार्टी सदस्यहरुबाट ८ जना गरी केन्द्रीय समितिले देहाय बमोजिम केन्द्रीय स्तरका विभागहरु गठन गर्नेछः

(क) नीति तथा विचार विभाग

(ख) प्रचार प्रसार विभाग

(ग) मानवीय विकास प्रवर्द्धन विभाग

(घ) प्रवास नेपाली सम्पर्क विभाग

(ङ) प्रशिक्षण विभाग

(च) सङ्गठन विभाग

(छ) अन्तर्राष्ट्रिय सम्बन्ध विभाग

२) पार्टीको केन्द्रीय समितिले आवश्यकता अनुसार केन्द्रीय सदस्यको सभापतित्वमा ११ जना सदस्य नबढ्ने गरी थप विभागहरु गठन गर्न सक्नेछ।

३) केन्द्रीय समितिले बनाउने नियमावली बमोजिम विभागहरुको काम, कर्तव्य र अधिकार तोकिनेछ र पार्टीका प्रदेश स्तर र पालिका स्तरमा विभागहरुको स्थापना गरिनेछ।

धारा ७७ : पार्टी एकीकरण वा विभाजन

१) पार्टीको केन्द्रीय समितिको दुई तिहाइले अन्य पार्टीसँग एकीकरण गर्न सक्नेछ।

२) पार्टी विभाजन प्रचलित कानुन बमोजिम हुनेछ।

धारा ७८ : विधान संशोधन

१) पार्टीको राष्ट्रिय महाधिवेशनको सामान्य बहुमतले विधान संशोधन गर्न सक्नेछ।

धारा ७९ : गणपुरक संख्या

पार्टीका सबै तहका निकायहरुका बैठकहरुमा उक्त निकायहरुका कुल संख्या बहुमत हुने संख्यालाई गुणपुरक संख्या गनिनेछ।

धारा ८० : विधानको व्याख्या

यस विधानको व्याख्या केन्द्रीय समितिले गर्नेछ।

धारा ८१ : नियमावली बनाउने र जारी गर्ने

पार्टीको केन्द्रीय समितिले पार्टीको विधान अन्तर्गत रही आवश्यकता अनुसार नियमावली तथा निर्देशिका बनाउन वा परिपत्र जारी गर्न सक्नेछ। प्रदेश समिति र पालिका समितिले पनि यसै विधानलाई आधार मानेर आ–आफ्नोतहमा नियमावली तथा निर्देशिका बनाउन वा परिपत्र जारी गर्न सक्नेछ।

धारा ८२ : बाधा अडकाउ फुकाउ

यस विधान लागू गर्ने क्रममा कुनै बाधा अडकाउ फुकाउन परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार केन्द्रीय समितिलाई हुनेछ।

**धारा ८३ : पार्टी सभापति पदमुक्त हुने अवस्था**

१) पार्टी सभापतिलाई केन्द्रीय समितिको दुई तिहाई बहुमतले महाअभियोगको प्रस्ताव ल्याई पार्टी सभापतिबाट पदमुक्त गर्न सक्नेछ ।

२) निजको मृत्यु भएमा ।

३) निजले राजीनामा दिएमा ।

४) पार्टीको सदस्य हुने योग्यता गुमेमा ।

५) पार्टीका सम्पूर्ण सदस्यहरुको बहुमत सदस्यले पार्टी सभापतिलाई तोकिए बमोजिम फिर्ता बोलाएमा ।

**धारा ८४ : पार्टीका सदस्यहरुमा सार्वभौमिकता निहित**

पार्टीको कुनै पनि तहको निर्णय उक्त तह स्थानीय ठेगाना वा मतदाता ठेगाना भएका सम्पूर्ण सदस्यहरुको बहुमतले खारेज गर्न सक्नेछ ।

**धारा ८५ : पार्टी सदस्यलाई एजेण्डा उठाउने अधिकार**

पार्टीका कुनै तहका समितिमा सदस्य नरहेका पार्टी सदस्यहरुले आफू सम्बन्धित वडा समिति मार्फत् पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ र त्यसरी उठाइएको एजेण्डा वडा समितिमा छलफल हुनुपर्नेछ । सबै तहका समितिलाई आफ्नोएक तह माथिको समितिमा एजेण्डा उठाउने अधिकार हुनेछ । वडा समितिले पालिका समिति, पालिका समितिले प्रदेश समिति र प्रदेश समितिले केन्द्रीय समितिमा पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ ।

**धारा ८६ : पार्टीका तहगत समितिबीचको सम्बन्ध**

पार्टीका तहगत समितिहरुले आफ्नोउपल्लो समितिको निर्णय र निर्देशनलाई कार्यान्वयन गर्नुपर्दछ ।

**धारा ८७ : रुख रोपेको हुनुपर्ने**

पार्टीको सबै तहका समितिका सदस्यहरुले आफ्नोघरमा कम्तीमा एउटा रुख रोपेको हुनुपर्नेछ । आफ्नो घरमा रुख रोप्न सम्भव नभए आफू समितिको सदस्यमा निर्वाचित वा मनोनीत भएको १०० दिनभित्र कुनै सार्वजनिक स्थानमा कम्तीमा १० वटा रुख रोप्नुपर्नेछ।

**धारा ८८ : परिवारवादलाई निषेध**

१) पार्टीमा एकै परिवारको एकजनाभन्दा बढी सदस्य पार्टीको कुनै समान

तहको समिति, विभाग, आयोग वा संयन्त्रमा नियुक्ति, मनोनीत वा निर्वाचित हुन पाउने छैन।

२) पार्टीको केन्द्रीय निकाय र प्रदेश निकायका सदस्यको परिवारबाट पार्टीको कुनै पनि निकाय र पार्टीको तर्फबाट राज्यका कुनै पनि निकायमा नियुक्तिका लागि सिफारिस गरिने छैन वा मनोनीत गरिने छैन।

धारा ८९ : युवा सहभागिता

पार्टीमा युवा सहभागितालाई प्रवर्द्धन गर्न पार्टीको केन्द्रीय समिति, केन्द्रीय लेखा आयोग, केन्द्रीय अनुशासन तथा आचरण समिति, पालिका समिति र वडा समितिमा कम्तिमा (५०% + १) को संख्यामा युवा हुनुपर्नेछ।

धारा ९० : समानुपातिक समावेशी

पार्टीमा प्रचलित कानुन र नेपालको संविधानले परिकल्पना गरे अनुसार समानुपातिक समावेशिता लागू गरिनेछ।

धारा ९१ : समानता र योग्यता

पार्टीको कुनै पनि निकायमा र पार्टीको तर्फबाट राज्यका कुनै पनि निकायमा नियुक्तिका लागि सिफारिस गर्दा वा मनोनीत गर्दा समानता र योग्यतालाई प्रमुख आधार मानिनेछ।

धारा ९२ : शपथ ग्रहण

१) पार्टीका सदस्यले र पार्टीका सबै निकायका सदस्य तथा पदाधिकारीले अनुसूची ४ बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

२) सबै तहका सभापति वा प्रमुखलाई केन्द्रीय निर्वाचन आयोगले तोकेको प्रतिनिधिले र समितिका अन्य सदस्यलाई सम्बन्धित तहको सभापति वा प्रमुखले शपथ ग्रहण गराउनेछ।

३) पार्टीका सदस्यलाई अर्को पार्टी सदस्य वा केन्द्रीय समितिले तोकेको पदाधिकारीले शपथ गराउनेछ।

धारा ९३ : परिवर्तनशील नेतृत्व प्रणाली

१) पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति र पालिका सभापति दुई कार्यकालभन्दा बढी निर्वाचित हुन पाउने छैन। यद्यपि निजहरुको पहिलो महाधिवेशन अगाडिको कार्यकाल गणना गरिने छैन।

धारा ९४ : सम्पर्क व्यक्ति

१) पार्टी महामन्त्रीले राष्ट्रिय निर्वाचन आयोगसँग सम्पर्क गर्नेछन् ।

धारा ९५ : संक्रमणकालीन व्यवस्था

१) पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, पालिका अधिवेशनबाट नयाँ नेतृत्व चयन नहुन्जेल संक्रमणकालीन व्यवस्था लागू हुनेछ ।

२) पार्टीको प्रथम पटकको राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, पालिका अधिवेशन एकै पटक गरिने छ र त्यसपछि महाधिवेशन र अधिवेशन विधानले तोके बमोजिम हुनेछ । पार्टीको पहिलो राष्ट्रिय महाधिवेशन संघीय चुनावको एक वर्षभित्र हुनेछ ।

३) पहिलो महाधिवेशन नभएसम्म यस विधानको कार्यान्वयनमा कुनै कठिनाइ आए वा यसमा उल्लेख गरिएका संरचनाहरुको पदपूर्ति गर्नुपर्ने भए केन्द्रीय समितिले वा त्यसले अधिकार प्रत्यायोजन गरेका व्यक्ति, समिति वा निकायले गर्न सक्नेछ ।

४) केन्द्रीय समितिले केन्द्रीय समितिको आकार १२१ जना नबढ्ने गरी थप सदस्यहरु मनोनीत गर्न सक्नेछक ।

## अनुसूचीहरू

## अनुसूची – १

### छाप

दुईवटा गोलाकारको बीचमा माथिल्लो भागमा घडी घुम्ने दिशा तर्फ राष्ट्रिय स्वतन्त्र पार्टी तथा घडी घुम्ने दिशाको उल्टोतर्फ केन्द्रीय कार्यालय काठमाडौं लेखिएको र दुई वटा गोलाकारको बीचमा घण्टीको आकृति र तल स्थापना मिति उल्लेख रहनेछ।



## अनुसूची – २

### चुनाव चिन्ह


**गोलाकारको बीचमा घण्टीको आकृति पार्टीको चिन्ह रहनेछ।**



## अनुसूची – ३

### झण्डा

नीलो पृष्ठभूमिको मध्य भागमा सेतो रङ्गको गोलाकार बीचमा नीलो रङ्गको घण्टीको आकृति हुनेछ । नीलो पृष्ठभूमिले खुल्ला आकाश जस्तै विशाल र स्वच्छ भाव जनाउनेछ भने घण्टी चिन्हले नियमनको भाव जनाउँछ । झण्डाको चौडाइ र लम्बाइको अनुपात २:३ हुनेछ । दलको झन्डाको नमूना तल राखिएको छ ।



## चुनाव चिन्ह

गोलाकार भित्र घण्टी

झण्डा

477 Basundhara Marg, Kathmandu, Nepal | +977 01 5914591, 9851360666
४७७ वसुन्धारा मार्ग, काठमाडौं, नेपाल | +९७७ ०१ ५९१४५९१, ९८५१३६०६६६
info@rspnepal.org | www.rspnepal.org